## उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र) २०७६ सारांश

| क्र.स | विषय | विवरण |
|---|---|---|
| १ | परिचय | प्रदेश नं १, मोरङ्ग जिल्लामा पर्ने उर्लाबारी नगरपालिका साबिकको मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिका समेटिएर बनेको हो। जम्मा ९ वटा वडामा विभाजित यस नगरपालिका पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ. नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकाको विचमा अवस्थित छ। |
| २ | भौगोलिक अवस्थिती | |
| | अक्षांश | २६.५५° देखी २६.७२° अक्षांश |
| | देशान्तर | ८७.५७° देखि ८७.६५° देशान्तर |
| | औसत उचाई | समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. |
| | क्षेत्रफल | ७४.६२ बर्ग किमि |
| | सिमाना | पूर्वमा दमक नगरपालिका, पश्चिममा पथरी शनिश्चरे र लेटाङ नगरपालिका,<br>उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका<br>दक्षिणमा रतुवामाई नगरपालिका |
| ३ | जलवायु | तराई, उष्ण मनसुनी |
| ४ | घरधुरी संख्या | १३,७६१ |
| ५ | जनसंख्या | ७०६०५ |
| ६ | मुख्या पेशा | कृषि तथा पशुपालन |
| ७ | विद्यालय संख्या | सामुदायिक विद्यालय २२, निजि ३३ |
| ८ | साक्षरता प्रतिशत | ७८.६ प्रतिशत |
| ९ | मुख्य धर्म | हिन्दु, किराँत, वौद्ध र प्रकृति |
| १० | मुख्य भाषा | नेपाली, लिम्बु |
| ११ | मुख्य समुदाय | क्षेत्री, ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई, तमाङ्ग |
| १२ | मुख्य खाद्यान्न | धान, मकै, गहुँ |
| १३ | मुख्य घरपालुवा जनवार | गाई, भैंसि, बाख्रा तथा गोरु |
| १४ | सञ्चार सुविधा | मोबाइल |
| १५ | खानेपानीको सुविधा | धारा |

# विषय-सूची


**परिच्छेद १: परिचय** ... १
१.१ पृष्ठभूमि ... १
१.२ उद्देश्य ... १
१.३ कानुनी तथा नीतिगत आधारहरु ... २
१.४ तयारीका चरण ... ३
१.४.१ वस्तुस्थिती विवरण ढाँचा, औजार तथा कार्य विधि तयारी ... १०
१.४.२ वस्तुगत विवरण तयारी गोष्ठि तथा कार्ययोजना स्विकृति ... ११
१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन ... १२
१.४.४ तथ्याङ्क संकलन ... १२
१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी ... १३
१.४.६ वस्तुस्थिती विवरणको मस्यौदा तयारी ... १४
१.४.७ वस्तुस्थिती विवरण सुझाव संकलन ... १४
१.४.८ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी ... १४
१.४.९ वस्तुगत विवरण सुझाव संकलन ... १४
१.४.१० वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी ... १५

**परिच्छेद २: नगरपालिकाको चिनारी** ... १६
२.१ भौगोलिक अवस्थिति ... १६
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ... १६
२.३ राजनीतिक अवस्थिति ... १७
२.४ धरातलीय अवस्था ... १७
२.५ प्राकृतिक सम्पदा ... १७
२.६ साँस्कृतिक उत्कृष्टता ... १८
२.७ धार्मिक स्थलहरु ... १८

**परिच्छेद ३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था** ... २२
३.१ बस्ती र घरपरिवार विवरण ... २२
३.२ जनसंख्या वितरणको अवस्था ... २२
३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण ... २५
३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण ... २६
३.५ धर्म अनुसार जनसंख्या विवरण ... २८
३.६ जातिगत आधारमा जनसंख्या विवरण ... २९
३.७ घरमुलीको विवरण ... ३१
३.८ पेशाका आधारमा जनसंख्या विवरण ... ३२
३.९ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण ... ३३
३.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण ... ३३
३.११ बसाईसराई सम्बन्धी विवरण ... ३४
३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण ... ३५

**परिच्छेद ४: आर्थिक अवस्था** ... ३६
४.१ प्रमुख आर्थिक विवरण ... ३६

४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण ३६
४.१.२ मुख्य पेशा सम्बन्धी विवरण ३७
४.१.३ औषत मासिक पारिवारिक आम्दानी विवरण ३९
४.१.४ औसत बचत ४०
४.१.५ घर र भवनको स्वामित्व ४१
४.१.६ वैदेशिक रोजगारीमा गएकाहरुको विवरण ४२
**४.२ भू-उपयोग तथा स्वामित्व** ४३
४.२.१ भू-उपयोग ४३
४.२.२ भू-स्वामित्व ४४
**४.३ कृषि तथा पशु विकास** ४५
४.३.१ सार्वजनिक पोखरी तथा माछा पालन सम्बन्धी विवरण ४५
४.३.२ प्रमुख कृषि उत्पादन ४५
४.३.३ खाद्यान्न अवस्था सम्बन्धी विवरण ४६
४.३.४ पशुपन्छी जन्य उत्पादन सम्बन्धी विवरण ४७
४.३.५ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा कीरा ४८
४.३.६ पशुपन्छिमा लाग्ने रोग तथा कीरा ४८
**४.४ पर्यटन विकास** ४८
४.४.१ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण ४९
४.४.२ स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण ५१

**परिच्छेद ५: सामाजिक अवस्था** ५२
५.१ शैक्षिक तथा मानव संशाधन विकास ५२
५.१.१ साक्षरता विवरण ५४
५.१.२ साक्षर तथा सोभन्दा माथिको शैक्षिक अवस्था ५५
५.१.३ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्र/छात्राको विवरण ५५
५.१.४ बालविकास केन्द्रको विवरण ५६
५.२ स्वास्थ्य तथा पोषण ५७
५.२.१ एक वर्षमा गर्भवति महिलालाई आइरन चक्की, जुक्काको ओषधी, भिटामिन ए खुवाएको ५७
५.२.२ सुरक्षित मातृत्व सम्बन्धी विवरण ५८
५.२.३ बाल स्वास्थ्य तथा कुपोषणको अवस्था ६०
५.२.४ प्रमुख रोग ६१
५.२.५ सुरक्षित मातृत्व ६१
५.३ खानेपानी तथा सरसफाई ६२
५.३.१ खानेपानीको श्रोतको विवरण ६२
५.३.२ शौचालय प्रयोगको अवस्था ६३
५.३.३ शौचालय र प्रकार ६४
५.३.४ फोहोरमैला व्यवस्थापन ६५
५.३.५ ढल व्यवस्थापन ६५
५.४ बालविवाह (अठार वर्ष मुनिका) ६६
५.४.१ जेष्ठ नागरिक तथा एकल महिला ६६

५.५. खेल मैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण ---------- ६६
५.५.१ खेलमैदान ---------- ६६
५.५.२ व्यावसायिक खेलाडीको विवरण ---------- ६७

**परिच्छेद ६: वन तथा वातावरणीय स्थिति** ---------- ६८
६.१ वनक्षेत्रको अवस्था ---------- ६८
६.२ जलस्रोत तथा जलाधर क्षेत्र ---------- ६८
६.३ खुलाक्षेत्र तथा खेल मैदान सम्बन्धी विवरण ---------- ७०

**परिच्छेद ७: भौतिक विकासको अवस्था** ---------- ७१
७.१ यातायात पूर्वाधार ---------- ७१
७.१.१ सडक संजालको विद्यमान अवस्था ---------- ७१
७.१.२ मोटरवाटोको सुविधा अनुसार घरपरिवार विवरण ---------- ७१
७.१.३ घरसम्म जाने सडकको किसिम अनुसार घरपरिवार विवरण ---------- ७२
७.१.४ झोलुंगे पुल तथा पुल–पुलेसा ---------- ७३
७.२ विद्युत तथा बैकल्पिक उर्जा ---------- ७४
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार) ---------- ७४
७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ---------- ७५
७.३ सञ्चार तथा प्रविधि ---------- ७६
७.४ आवास तथा भवन ---------- ७६
७.४.१ विद्यमान सतह ढलको अवस्था ---------- ७६
७.४.२ घरको तला आधारमा घरधुरी ---------- ७७
७.४.३ छानाको किसिम आधारमा घरधुरी ---------- ७७
७.४.४ गारोको किसिम ---------- ७९
७.४.५ घरको अवस्था ---------- ७९
७.४.६ घरको जगको प्रकार ---------- ८०

**परिच्छेद ८: संस्थागत तथा सुशासनको स्थिति** ---------- ८२
८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था ---------- ८३
अनुसुचि तथा नक्साहरु ---------- ८६

## तालिका सुचि

तलिका १: उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थिति ---------- १६
तलिका २: उर्लाबारी नगरपालिकाको वडा विभाजन ---------- १७
तलिका ३: मुख्य स्थानिय चाँडपर्व तथा जात्राहरू ---------- १८
तालिका ४: नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण ---------- १८
तालिका ५: बस्तिहरू ---------- २२
तालिका ६: वडागत जनसंख्या वितरण २–६८ र २–७६ ---------- २२
तालिका ७: औषत परिवार संख्या तथा जनघनत्व वितरण ---------- २३
तालिका ८: उमेर समुह तथा लिङ्गको आधारमा जनसंख्या विवरण ---------- २५

तालिका ९: मातृभाषाको आधारमा जनसंख्या विवरण ---- २७
तालिका १०: धर्म अनुसार जनसंख्या विवरण ---- २८
तालिका ११: जातिगत आधारमा जनसंख्या विवरण ---- २९
तालिका १२: घरमुलीको विवरण ---- ३१
तालिका १३: पेशाका आधारमा जनसंख्या विवरण ---- ३२
तालिका १४: आर्थिक रूपले सक्रिय जनसंख्या विवरण ---- ३३
तालिका १५: अपाङ्गताको आधारमा जनसंख्या विवरण ---- ३४
तालिका १६: बसाइँ सराइ गरी आउने घरपरिवारको विवरण ---- ३४
तालिका १७: बसाइँ सराइ गर्नुको कारण ---- ३५
तालिका १८: व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरण अ.व. २–७४/७५ ---- ३५
तालिका १९: प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण ---- ३६
तालिका २०: विभिन्न पेशामा सम्बन्धी विवरण ---- ३८
तालिका २१: औषत मासिक पारिवारिक आम्दानी विवरण ---- ३९
तालिका २२: औषत मासिक पारिवारिक बचत ---- ४०
तालिका २३: घर र भवनको स्वामित्व विवरण ---- ४१
तालिका २४: परिवारको छुटै भान्छा कोठा सम्बन्धी विवरण ---- ४२
तालिका २५: छ महिना वा बढी समयको लागि अन्यन्त्र बसोबास ---- ४२
तालिका २६: बसोबासको किसिम ---- ४२
तालिका २७: बसोबास गर्नुको कारण ---- ४३
तालिका २८: बसोबास स्थान ---- ४३
तालिका २९: भू–उपयोग ---- ४३
तालिका ३०: महिलाको नाममा चल, अचल समपति विवरण ---- ४४
तालिका ३१: महिलाको स्वामित्व ---- ४४
तालिका ३२: माछा,मौरीपालन तथा रेशमकिरा ---- ४५
तालिका ३३: कृषि उत्पादन ---- ४५
तालिका ३४: खाद्यान्न अवस्था सम्बन्धी विवरण ---- ४७
तालिका ३५: पशुपन्छी जन्य उत्पादन सम्बन्धी विवरण ---- ४८
तालिका ३६: फलफूल तथा तरकारीमालाग्ने रोग तथा कीरा ---- ४८
तालिका ३७: पर्यटकीय स्थलहरू ---- ४९
तालिका ३८: धर्मिक तथा ऐतिहाँसिक स्थानहरूको नाम ---- ५०
तालिका ३९: स्थानीयबजार तथा व्यापारिक केन्द्रको विवरण ---- ५१
तालिका ४०: शैक्षिक संस्थाहरूको विवरण ---- ५२
तालिका ४१: साक्षरता विवरण ---- ५४
तालिका ४२: साक्षर तथा सोभन्दा माथिको शैक्षिक अवस्था ---- ५५
तालिका ४३: अध्ययन छात्र/छात्राको विवरण ---- ५५
तालिका ४४: अध्ययनरत छात्र/छात्राका क्याम्पस तथा प्राविधिक शिक्षालय ---- ५६
तालिका ४५: बालविकास केन्द्रको विवरण ---- ५६

तालिका ४६: शिक्षक तथा शैक्षिक जनशक्ति विवरण ५७
तालिका ४७: स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण ५७
तालिका ४८: आइरन चक्की खुवाएको ५८
तालिका ४९: जुक्काको औषधी खुवाएको ५८
तालिका ५०: भटामिन ए ५८
तालिका ५१: गर्भवति महिलालाई नियमित रूपमा स्वास्थ्य परिक्षण ५८
तालिका ५२: गर्भवती महिलाले नियमित रूपमा तालिम प्राप्त स्वास्थ्य कर्मीहरूबाट स्वास्थ्य जाँच को विवरण ५९
तालिका ५३: स्वास्थ्य परिक्षण नगर्नुको कारण ५९
तालिका ५४: ५ वर्ष मुनिका बालबालिकाहरू ६०
तालिका ५५: बालबालिकाको वृद्धि अनुगमन र मापन ६०
तालिका ५६: ५ वर्ष मुनिका बच्चाहरूलाई भिटामिन ए ६०
तालिका ५७: ५ वर्ष मुनिका बच्चाहरूलाई जुकाको औषधी ६१
तालिका ५८: प्रमुख रोग ६१
तालिका ५९: सुरक्षित मातृत्व ६१
तालिका ६०: खानेपानीको श्रोतको विवरण ६२
तालिका ६१: पाईपको पानी प्रयोग गर्ने भए स्वामित्व ६३
तालिका ६२: शौचालय प्रयोगको अवस्था ६४
तालिका ६३: शौचालयको प्रकार ६५
तालिका ६४: फोहोरमैला व्यवस्थापन ६५
तालिका ६५: ढल व्यवस्थापन ६५
तालिका ६६: बैवाहिक स्थिति ६६
तालिका ६७: जेष्ठ नागरिकको हकमा सामाजिक सुरक्षा भता ६६
तालिका ६८: एकल महिलाहकमा सामाजिक सुरक्षा भता ६६
तालिका ६९: खेल मैदानहरू ६६
तालिका ७०: व्यावसायिक खेलाडीको विवरण ६७
तालिका ७१: वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्वारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजी वन) ६८
तालिका ७२: खुलाक्षेत्र तथा खेल मैदन सम्बन्धी विवरण ७०
तालिका ७३: सडक संजालको विद्यमान अवस्था ७१
तालिका ७४: मोटरवाटोको सुविधा अनुसार घरपरिवार विवरण ७१
तालिका ७५: घरसम्म जाने सडकको किसिम अनुसार घरपरिवार विवरण ७२
तलिका ७६: झोलुंगे पुल तथा पुलपुलेसा ७३
तालिका ७७: खाना पकाउने इन्धनको आधारमा घर परिवार ७४
तालिका ७८: बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घर परिवार ७५
तालिका ७९: नगरपालिकामा संचालित संचारका साधनहरू ७६

तालिका ८०: विद्यमान सतह ढलको अवस्था ७६
तालिका ८१: घरको तला आधारमा घरधुरीको विवरण ७७
तालिका ८२: छानाको किसिम आधारमा घरधुरी विवरण ७८
तालिका ८३: गारोको किसिम आधारमा घरधुरी विवरण ७९
तालिका ८४: घरको अवस्थाको आधारमा घरधुरी विवरण ८०
तालिका ८५: घरको जगको प्रकारको आधारमा घरधुरी विवरण ८१
तालिका ८६: उर्लाबारी नगरपालिकाका जनप्रतिनिधिहरुको विवरण ८४

## चित्र सुचि

चित्र १ वडा अनुसार जनसंख्या वितरण २४
चित्र २ पुरूष महिला अनुपात २४
चित्र ३ उमेर समुह तथा लिङ्गको आधारमा जनसंख्या विवरण २६
चित्र ४ मातृभाषाको आधारमा जनसंख्या विवरण २८
चित्र ५ धर्म अनुसार जनसंख्या विवरण २९
चित्र ६ जातिगत आधारमा जनसंख्या विवरण ३१
चित्र ७ घरमुलीको विवरण ३२
चित्र ८ पेशामा सम्बन्धी विवरण ३९
चित्र ९ घर र भवनको स्वामित्व विवरण ४१
चित्र १० खाद्यान्न अवस्था सम्बन्धी विवरण ४७
चत्र ११ साक्षरता ५४
चित्र १२ खानेपानीको श्रोतको विवरण ६३
चित्र १३ शौचालयको प्रकार ६४
चित्र १४ श्रोत नक्सा ६९
चित्र १५ मोटरवाटोको सुविधा अनुसार घरपरिवार विवरण ७२
चित्र १६ घरसम्म जाने सडकको किसिम अनुसार घरपरिवार विवरण ७३
चित्र १७ खाना पकाउने इन्धनको आधारमा घर परिवार ७४
चित्र १८ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घर परिवार ७५
चित्र १९ घरको तला आधारमा घरधुरीको विवरण ७७
चित्र २० छानाको किसिम आधारमा घरधुरी विवरण ७८
चित्र २१ गारोको किसिम आधारमा घरधुरी विवरण ७९
चित्र २२ घरको अवस्थाको आधारमा घरधुरी विवरण ८०
चित्र २३ घरको जगको प्रकारको आधारमा घरधुरी विवरण ८१

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

स्थानीय योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुगत विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ । नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय तह शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७५, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको रणनीतिक/आवधिक, एकीकृत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित स्थानीय तहको वस्तुगत विवरण तयारी आवश्यक रहेको छ । यही आवश्यकता परिपूर्तिको लागि उर्लाबारी नगरपालिकाको जनसंख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्प्रष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधार रेखाको विवरण रहेको दस्तावेज नै उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण हो । उक्त विवरणमा उर्लाबारी नगरपालिकाको, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा नगरपालिका भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुती संलग्न रहेको छ ।

## १.२ उद्देश्य

यस पार्श्वचित्र मूलतः उर्लाबारी नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) नगरपालिका भित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्र भित्रको संम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङकको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचनाको उपलब्धता गराई ब्यवस्थापनमा सहयोग गर्ने ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

### १.३ कानुनी तथा नीतिगत आधारहरु

सङ्घीय शासन प्रणाली तथा देहायअनुसारका प्रमुख विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रही र यस वस्तुस्थिती विवरण तयारी कार्यविधि बमोजिम चरणबद्ध र व्यवस्थित रुपमा नगरपालिकाको वस्तुस्थिती विवरण तयार गर्न सक्नेछन् ।

क. नेपालको संविधान : नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय, अन्तरराष्ट्रिय मानक र गुणस्तर)लाई संघको अधिकारको सूचीमा राखी नेपाल सरकारले यसको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी प्रदान गरेको छ भने अनुसूची ६ को क्रमसंख्या ६ मा प्रदेश तथ्याङ्कलाई प्रदेशको अधिकारको सूचीमा सूचीकृत गरिएको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनसूची–८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

ख. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन : नेपाल सरकारबाट स्वीकृत सघं, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले केन्द्रीय तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रियस्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्ट्याण्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग तथा तथ्याङ्कसम्बन्धी सल्लाहकारी भूमिका बारे उल्लेख गरेको छ । यसैगरी प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड, नेपाल स्ट्याण्डर्ड वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदि उल्लेख गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ ।

ग. तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१ : जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी निकायहरुको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकारलाई यथार्थ आधार चाहिने र त्यस्तो आधार जुटाउन तथ्याङ्क संकलन सम्बन्धी सुविधाको व्यवस्था गर्न तथ्याङ्क संकलन, विश्लेषण, अभिलेख र प्रकाशन गर्ने कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गरी शान्ति, सुव्यवस्था, जनताको सुविधा र आर्थिक हित कायम राख्न तथ्याङ्क ऐन, २०१५ जारी गरिएको छ । तथ्याङ्क ऐन २०१५ को दफा ७(क) उपदफा १ अनुसार सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क संकलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्वीकृती प्राप्त गर्नु पर्ने व्यवस्था रहेको छ । यस अनुसार तथ्याङ्क संकलन गर्न मनासिव देखिएमा केन्द्रीय तथ्याङ्क विभागले स्वीकृति दिनेछ र त्यसरी स्वीकृति दिँदा विभागले तथ्याङ्क संकलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका

अन्य शर्त समेत तोकिदिन सक्नेछ । तथ्याङ्क नियम, २०४१ अनुसार केन्द्रीय तथ्याङ्क विभागको प्रमुख जिम्मेवारी देहायअनुसार हुनेछ :-

(क) नेपाल सरकारबाट स्वीकृत भएका कुराहरुको तथ्याङ्क संकलन, प्रशोधन, संग्रह एवं साँख्यिकीय सुधार, विश्लेषण र प्रकाशन गर्ने गराउने,

(ख) नेपाल भरी तथा कुनै भागमा आर्थिक, सामाजिक, जनसंख्या इत्यादि जुनसुकै कुराको तथ्याङ्क सर्वेक्षण गर्ने र सो सम्बन्धी विवरण संकलन गर्ने गराउने,

(ग) तथ्याङ्क सम्बन्धी प्रतिवेदन तयार गर्ने

(घ) राष्ट्रिय गणनाहरु (जनसंख्या, कृषि, उद्योग व्यापार, यातायात र अन्य आवश्यक सवै किसिमका गणना) लिने प्रवन्ध मिलाउने र तिनको सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ ।

घ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ : दिग्दर्शनको दफा ८.२ मा नगरपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिती विवरण (Profile) तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुस्थिती विवरण आफ्नो Website मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ ।

## १.४ तयारीका चरण

वस्तुस्थिती विवरण तयारीका चरणहरुः गाउँ वस्तुस्थिती विवरण चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार गर्ने ७ (सात) चरणहरु देहायअनुसार रहेका छन्ः

**पहिलो चरणः वस्तुस्थिती विवरणको ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा कार्ययोजना स्वीकृति :** स्थानीय तहको वस्तुस्थिती विवरण किन, कसरी, कहिले र कसले गर्ने भनी सबै तहगत प्रक्रिया निर्धारण गर्न सुरुवाति चरणमा वस्तुस्थिती विवरणको सूचकगत स्तरीय ढाँचा, तथ्याङ्क संकलन/सर्वेक्षण औजार र कार्यविधि तयारी गरेका छौ । यस अन्तर्गतका कार्यहरु देहायबमोजिम छन्ः-

(क) नगर क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भागोलिक (वडा) तथा सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी अनुसूची २ बमोजिमको वस्तुस्थिती विवरणको स्तरीय ढाँचा स्वीकृत गरिएको छ । यसरी ढाँचा स्वीकृत गर्दा अनुसूची २ मा स्थानीय विशिष्टता र आवश्यकता अनुसार आवश्यक विषयहरु थप गरिएको छ ।

(ख) स्वीकृत वस्तुस्थिती विवरणको स्तरीय ढाँचामा उल्लेख भएका विवरण तयार गर्न विश्वसनियता र उपलब्धताका आधारमा तथ्याङ्कका श्रोतहरुको आँकलन गरिएको छ । सूचना प्रविधिमा आधारित भई देहाय बमोजिमका श्रोतबाट तथ्याङ्क तथा सूचना संकलन गर्ने निर्णय गरिएको छ –

१. घरपरिवार सर्वेक्षण (सवै घरपरिवार वा नमूना सर्वेक्षणका लागि छनौट भएका घरपरिवार)

२. संस्थागत सर्वेक्षण (स्थानीय कार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्ला स्थित विषयगत कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, वैंक तथा औद्योगिक/व्यावसायिक प्रतिष्ठान, केन्द्रीय तथ्याङ्क विभाग तथा मातहतका कार्यालय, संघ/संस्था, सामुदायिक संस्था आदिको अभिलेख तथा उपलब्ध विवरण)

३. सहभागितामूलक लेखाजोखा सर्वेक्षण (जानकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि)

(ग) प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनका लागि निर्धारित पारिवारिक विवरण संकलन फाराम र संस्थागत एवं सहभागितामूलक लेखाजोखा सर्वेक्षण फारामको प्रयोग गरिएको छ। तथ्याङ्क संकलनका लागि यस कार्यविधिमा उल्लेखित तथ्याङ्क संकलन फाराम वा सर्वेक्षण औजार बारे निर्णय गरिएको छ।

(घ) पारिवारिक विवरण संकलनका लागि विद्युतीय माध्यम (Smartphone/Tablet) मा आधारित ODK एप्लीकेशन प्रयोग गरिएको छ। विद्युतीय माध्यम प्रयोग गर्न सफ्टवेयर प्रणाली स्वीकृत गरिएको छ।

(ङ) केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्गतका कार्यालय, नगर कार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्ला स्थित सङ्घीय तथा प्रदेश सरकारका कार्यालय, विद्यालय, स्रोतकेन्द्र, सेवा केन्द्र, चौकी, संघ/संस्था तथा समुदायमा आधारित संस्था आदि सबैको अभिलेख तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्शा तथा विभिन्न अध्ययन तथा सर्वेक्षण प्रतिवेदनबाट संस्थागत विवरण (द्वितीय स्रोत तथ्याङ्क) संकलन गरिएको छ।

(च) जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि जस्ता सहभागितामूलक लेखाजोखा विधि प्रयोग गरी पारिवारिक विवरण तथा संस्थागत विवरणमा नपुग थप सूचना संकलन गरिएको छ ।

(छ) नगरपालिका वा नगरपालिकाले वस्तुस्थिती विवरण तयारी गर्नु पूर्व यस कार्यविधिको अनुसूची २ बमोजिमको स्तरीय ढाँचा, अनुसूची ३ (क) र (ख) बमोजिमको तथ्याङ्क संकलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया नगर कार्यपालिकाले स्वीकृत गरिएको छ। यसरी स्वीकृत गर्दा वस्तुस्थिती विवरणको कानूनी तथा नीतिगत आधार, तयारी गोष्ठी, तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरु समावेश गरिएको छ।

**दोस्रो चरणः वस्तुस्थिती विवरण तयारी गोष्ठी :** वस्तुस्थिती विवरण तयारीको लागि नगरपालिकाले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु बीच वस्तुस्थिती विवरणको स्तरीय ढाँचा, तथ्याङ्कको स्रोत तथा संकलन एवं विश्लेषण तयारी विधिबारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न छलफलबाट एक कार्ययोजना तयार गरिएको छ। वस्तुस्थिती विवरण तयार गर्ने कार्यको जिम्मेवारी र कार्ययोजना निर्धारण गर्नका लागि देहाय बमोजिम एक दिनको वस्तुस्थिती विवरण तयारी गोष्ठी आयोजना गरिएको छ :–

(क) वस्तुस्थिती विवरण तयारीको उद्देश्य, अवधारणा, कानूनी तथा नीतिगत आधार, तयारी विधि तथा प्रक्रिया, तथ्यांक संकलन फाराम र सूचना प्रविधि, सरोकारवालाहरुका पहिचान तथा भूमिका र कार्ययोजना सम्बन्धमा प्रस्तुति गरी सहभागितामूलक ढंगले छलफल गरिएको छ । कार्यशालामा सिलसिलेवार रुपमा उपरोक्त विषयहरुको प्रस्तुति र छलफलमा सहजीकरण गरी साझा धारणा, बुझाई र प्रतिवद्धता कायम गरिएकोछ।

(ख) वस्तुस्थिती विवरण तयारी कार्यशालामा देहाय बमोजिमको सहभागिता गरिएकोछ :–

१. नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख र पदाधिकारीहरु

२. नगर सभाका सदस्यहरु

३. नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत
४. नगरपालिकाका वडा सचिवहरु
५. विषयगत महाशाखा/शाखा/उपशाखा/इकाई प्रमुखहरु
६. नगरपालिकाबाट छनौट गरिएका स्थानीयस्तरका जानकार विशेषज्ञ वा स्थानीय विज्ञहरु
७. संघ/संस्थाका प्रतिनिधित्व हुने गरी अध्यक्ष/प्रमुखले आमन्त्रण गरेका प्रतिनिधिहरु
८. स्थानीय क्रियाशील राजनीतिक दलका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(ग) यस कार्यविधिको परिच्छेद १ मा उल्लेख भए बमोजिमको वस्तुस्थिती विवरण तयारीको उद्देश्य, अनुसूची १ बमोजिमको कानूनी तथा नीतिगत आधार, अनुसूची २ बमोजिमको सूचकगत स्तरीय ढाँचा, अनुसुची ३ (क) र (ख) बमोजिमका तथ्याङ्क संकलन फारामहरु र यस पछिका चरणमा उल्लेख भए बमोजिमको विधि तथा प्रक्रियाको संक्षिप्त प्रस्तुति गरी छलफल गरिएको छ ।

(घ) कार्यशालामा वस्तुस्थिती विवरण तयारी कार्यमा विभिन्न सरोकारवालाको भूमिका र जिम्मेवारी सहित अनुसूची ५ को ढाँचामा कार्ययोजना तयार गरिएको छ ।

(ङ) यो मस्यौदा कार्ययोजनालाई अध्यक्ष/प्रमुखले स्वीकृत गरी कार्यान्वयन व्यवस्था मिलाइएको छ ।

**तेश्रो चरणः सर्वेक्षण वा तथ्याङ्क संकलन :** वस्तुस्थिती विवरण तयारीका लागि यस कार्यविधि बमोजिम निर्धारित फाराम प्रयोग गरी आवश्यक तथ्याङ्क, सूचना वा विवरण संकलन गरिएको छ । वस्तुस्थिती विवरणको स्तरीय सूचकगत ढाँचा अनुसार मुख्य गरेर संस्थागत र पारिवारिक विवरण सर्वेक्षण गरी प्राथमिक र द्बितीय गरी दुई प्रकारका श्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । वस्तुस्थिती विवरण तयारी तथा अद्यावधिक गर्न संस्थागत अभिलेख तथा सहभागितामूलक सर्वेक्षणबाट तथ्याङ्क/सूचना संकलन गर्न जोड दिनएको छ र संस्थागत स्रोतबाट उपलब्ध नहुने विवरण मात्र प्राथमिक श्रोतबाट संकलन गरिएको छ ।

(क) देहायमा उल्लिखित स्रोतलाई संस्थागत/आधारभूत स्रोतको रुपमा लिई सूचना संकलन गरिएको छ ।
१. केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गर्ने जनसंख्या सर्वेक्षण, गणना तथा अन्य आर्थिक सर्वेक्षण प्रतिवेदनहरु ।
२. डिभिजन तथा जिल्लास्तरका सङ्घीय तथा प्रदेश कार्यालय र सरोकारवाहरुबाट प्रकाशित प्रगति प्रतिवेदन, विवरण तथा अभिलेखहरु ।
३. प्रमाणित भएका अनुसन्धान, संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरु ।
४. पर्यटकीय क्षेत्र प्रवर्द्धनको लागि प्रकाशन भएका प्रमाणित सूचना तथा पुस्तिकाहरु ।
५. आधिकारिक तथा विश्वसनीय अन्य प्रतिवेदन तथा प्रकाशनहरु ।

(ख) संस्थागत (आधारभूत) तथ्याङ्क विवरण संकलनका लागि अनुसूची ३ (क) मा उल्लिखित तथ्याङ्क संकलन फाराम प्रयोग गरिएको छ । यस फाराममा नगरपालिका वा नगरपालिकाको विशिष्टता वा आवश्यकतानुसार विवरण थप गरिएको छ तर यसमा उल्लेख भएका विवरणहरु हटाइएको छैन ।

(ग) वस्तुस्थिती विवरण तयार गर्ने कार्यको लागि अध्यक्ष/प्रमुखको निर्देशन बमोजिम नगर कार्यपालिकाको सूचना वा योजना शाखाको प्रमुखले आवश्यक समन्वय, संयोजन र व्यवस्थापन गरिएको छ । साथै वस्तुस्थिती विवरण तयारी कार्यका लागि निश्चित योग्यता तोकी एक स्थानीय सहजकर्ता करारमा राखिएको छ । स्थानीय सहजकर्ताको जिम्मेवारी र परिचालन प्रक्रिया देहायअनुसार हुन् :

- नगर कार्यपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा शाखा प्रमुख, कर्मचारी एवम् प्राविधिक सहयोग टोलीको निर्देशन प्राप्त गर्ने तथा परामर्श लिने,

- वस्तुस्थिती विवरण तयारीका लागि तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रस्तुति सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहजीकरण गर्ने ।
- केन्द्रीय तथ्याङ्क विभागको गणना, सर्वेक्षण तथा तथ्याङ्क, जिल्ला तथा डिभिजन कार्यालय र सरोकारवाला निकाय र संस्थाहरुबाट प्रकाशित प्रगति प्रतिवेदन, सूचना विवरण तथा अभिलेख, प्रकाशित अनुसन्धानमूलक प्रकाशनहरु संकलन गरी नगरपालिकासँग सम्बन्धित सूचना विवरणहरु तयार गर्ने,
- गाउँ प्रमुख अध्यक्षले तोके बमोजिम निर्वाचित पदाधिकारी, सरकारी कार्यालय, संघ/संस्था, विकास साझेदार, नागरिक समाज वा अन्य प्रतिनिधिसँग राय परामर्श तथा अभिलेख अध्ययन गरी सूचना विवरण मस्यौदा गर्ने,
- संस्थागत सर्वेक्षण, स्थलगत अवलोकन, लक्षित समूह अन्तरवार्ता, जानकार व्यक्ति अन्तरवार्ता र संस्थागत अभिलेख आदिबाट तथ्याङ्क संकलन गर्न सहजीकरण गर्ने ।
- पारिवारिक विवरण सर्वेक्षणमा परिचालन गरिएका गणकहरुलाई अभिमुखीकरण गर्ने, तथ्याङ्क संकलन प्रक्रियामा प्राविधिक सहयोग, समस्या समाधान र पारिवारिक विवरण संकलन कार्यमा सहजीकरण गर्ने,
- वस्तुस्थिती विवरणमा समावेश गर्ने स्रोत नक्शाको लागि आवश्यक स्थानगत र वस्तुस्थिती सूचना विवरण संकलन गर्ने,
- संस्थागत तथा सहभागितामूलक सर्वेक्षण, प्रकाशन र प्रतिवेदन पुनरावलोकन र पारिवारिक विवरण सर्वेक्षणबाट संकलन गरिएको तथ्याङ्क प्रशोधन, प्रस्तुति तथा विश्लेषण गर्ने,
- स्थानीय सहजकर्ता उपलब्ध नभएको अवस्थामा सहयोगी संस्था वा प्राविधिक टोलीको सहयोगमा नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीबाट यस सम्बन्धी कार्य गरिएको छ ।
- स्थानीय सहजकर्तालाई संस्थागत तथा सहभागितामूलक सर्वेक्षण गरी तथ्याङ्क संकलनमा नगर कार्यपालिकाका पदाधिकारी, वडा समिति र कार्यालयमा कार्यरत कर्मचारीबाट आवश्यक सहयोग र सहजीकरण प्रदान गरिएको छ ।

(घ) स्थानीय सहजकर्ता परिचालन संभव नभएमा वा आवश्यक नभएमा नगरपालिका वा नगरपालिका कर्मचारीलाई थप जिम्मेवारी दिई परिचालन गर्ने गरिएको छ ।

(ङ) देहायका श्रोतलाई प्राथमिक स्रोत मानी सूचना संकलन गरिएको छ ।

१. पारिवारिक विवरण सर्वेक्षण

२. अन्य सर्वेक्षण (जानिफकार तथा लक्षित समूह अन्तरवार्ता, सहभागिता मूलक लेखाजोखा वा अन्य)

(च) देहायको स्थितिमा प्राथमिक स्रोत (पारिवारिक विवरण सर्वेक्षण) बाट तथ्याङ्क संकलन गरिएको छ ।

१. आधारभूत तथ्यांक, सूचना वा विवरण नरहेको अवस्थामा वा अद्यावधिक गर्नु पर्ने अवस्था रहेमा,

२. राष्ट्रिय जनगणनाको प्रतिवेदन पाँच वर्ष भन्दा पुरानो भएमा,

३. स्थानीय तहको नयाँ संरचना अनुसार भौगोलिक (वडागत) र सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत तथ्याङ्क आधार तयार गर्नु पर्ने भएमा,

४. स्थानीय तहमा नीति तथा योजना तर्जुमा, सेवा प्रवाह, कार्य सम्पादन, नतिजा मापनका लागि स्थानीय परिवेश अनुसार आवश्यक तथ्याङ्क विवरण आवश्यक देखिएमा

५. संरचनागत, सामाजिक र भौतिक परिवर्तनबाट सिर्जित नयाँ आयाम र सवाल (वातावरण, जलवायु परिवर्तन, विपद् आदि) सम्बोधनलाई उपलब्ध सूचनाले पूरा गर्न नसकेमा,

(छ) पारिवारिक विवरण संकलनका लागि अनुसूची ३ (ख) मा प्रस्तुत तथ्याङ्क संकलन फाराम प्रयोग गरिएको छ ।

(ज) पारिवारिक विवरण संकलन वा सर्वेक्षणलाई छिटो र प्रभावकारी बनाउन कम्प्युटर सफ्टवेयर ODK प्रयोग गरिएको छ ।

(झ) पारिवारिक विवरण संकलन गर्न संभव भएसम्म स्थानीय सरकारमा कार्यरत सहजकर्तालाई परिचालन गरिएको छ । यदि सहजकर्ता उपलब्ध नभएमा स्थानीय परिवेश र सर्वेक्षणबारे ज्ञान, अनुभव भएकालाई प्राथमिकता दिई स्थानीय जानिफकारलाई गणकको रुपमा लिइएको छ । भौगोलिक अवस्थिति, जनसंख्याको सघनता र कार्यको मात्रा वा चाप तथा समय सीमाका आधारमा प्रत्येक वडामा देहाय बमोजिम हुने गरी कम्तीमा दुई जना गणकहरुको छनौट गरी परिचालन गरिएको छ :–

१. पारिवारिक विवरण संकलनका लागि छनौट भएका गणकहरुले वडा समिति तथा वडा कार्यालय र स्थानीय जानिफकार व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक र समाजसेवीको सहयोगमा सर्वेक्षण कार्य सम्पादन गरिएको छ ।

२. पारिवारिक विवरण सर्वेक्षण कार्यमा संलग्न गणकहरुको योग्यता कम्तीमा बाह्र कक्षा पास र तथ्याङ्क संकलन कार्य वा सामाजिक परिचालन वा स्थानीय परिवेशसँग जानकार भएको व्यक्ति हुन् ।

३. नगरपालिका वा नगरपालिकाले यस प्रयोजनका लागि उपरोक्त योग्यता र अनुभवका आधारमा यथोचित संख्यामा सम्बन्धित वडाबाट वा सम्भव नभएको अवस्थामा निर्धारित वडाको बारेमा जानकार योग्य व्यक्तिलाई गणकको रुपमा छनौट गरिएको छ ।

४. छनौट गरिएका गणकहरुलाई नगर कार्यपालिकाका तथा सहजकर्ताद्वारा तथ्याङ्क संकलन औजार तथा तथ्याङ्क संकलन विधि तथा प्रक्रिया बारे जानकारी प्रदान गर्न एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।

६. अभिमुखीकरण कार्यक्रमको प्रारम्भमा गणकहरुको आचारसंहिता सहित तथ्याङ्क संकलनका व्यवहारिक समस्या र समाधानका बारेमा प्रस्ट गरिएको छ ।

७. पारिवारिक विवरण संकलन फाराममा उल्लेखित हरेक प्रश्नमा केन्द्रित रही वस्तुस्थिती र स्थानगत वास्तविकतालाई मध्यनजर गरी कार्यविधिका प्रावधानहरुलाई बोध गराउँदै गणकहरुलाई अभिमुखीकरण गरिएको छ । व्यावहारिक अभ्यासका क्रममा आवश्यक पृष्ठपोषण प्रदान गरी फाराममा उल्लेख भए बमोजिम तथ्याङ्क संकलनको सुनिश्चितता हुने गरी अभ्यस्त गराइएको छ ।

८. पारिवारिक विवरण संकलन कार्यमा सूचना प्रविधि ट्यावलेट वा स्मार्टफोन माध्यमको प्रयोग गर्नु पर्ने भएको र सोहि अनुसार स्मार्टफोन वा ट्याबलेटको प्रयोग गरी माथि उल्लेख भए बमोजिमको तरिकाबाट अभ्यस्त गरिएको छ ।

९. ट्याबलेट वा स्मार्टफोन माध्यमबाट तथ्याङ्क संकलन गर्न गणकहरु छनौट तथा परिचालन गर्दा सो साधन भएका तथा अभ्यस्त स्थानीय व्यक्तिलाई परिचालन गरिएको छ ।

१०. पारिवारिक विवरण संकलन प्रक्रियामा वडा समिति र वडा कार्यालयले आवश्यक संयोजन, सहयोग र अनुगमन गरिएको छ ।

११. गणकहरुको पारिश्रमिक गाउँ कार्यपालिकाको नियमानुसार हुनेछ ।

(ञ) नगरपालिकाको स्थानगत तथा वस्तुस्थितीलाई नक्शामा प्रस्तुत गर्न (स्रोतनक्शा तयार गर्न) आवश्यकता अनुसार थप सूचना संकलन तथा सर्वेक्षण गरिएको छ । स्रोत नक्शाले समेट्ने क्षेत्र अनुसूची ७ र सर्वेक्षण विधिको विस्तृत विवरण अनुसूची ८ मा दिईएको छ ।

(ट) स्रोत नक्शाको लागि सूचना संकलन गर्न Global Positioning System (GPS) सर्वेक्षण, Google Earth सर्वेक्षण, SRTM DEM जस्ता विधिहरु मध्ये उपयुक्त र सुरक्षित विधि अपनाइएको छ ।

**चौथो चरण: तथ्याङ्क विश्लेषण, प्रस्तुति र स्रोत नक्शा तयारी :** यस चरणका कार्यहरु देहाय बमोजिम गरिएको छ :

अ. **तथ्याङ्क प्रशोधन तथा विश्लेषण:** पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्रकृति, स्रोत र आवश्यकता अनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ। वस्तुस्थिती विवरण तयारीको पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षण विधिबाट संकलन गरिएको तथ्याङ्कलाई देहाअनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ ।

(क) पारिवारिक विवरण ODK एप्लिकेशन बाट सर्वेक्षण गरि प्राप्त तथ्याङ्कलाई कम्प्युटरमा MS Excel सफ्टवयर प्रयोग गरी विश्लेषण गरिएको छ ।

(ख) सहभागितामूलक लेखाजोखा तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटरको MS Excel सिटमा तथ्याङ्क प्रशोधन गरी तथ्याङ्कशास्त्रीय विधिबाट विश्लेषण गर्न वा स्थानीय तहको सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरी विश्लेषण गरिएको छ ।

(घ) विश्लेषणबाट प्राप्त सूचनाहरुलाई देहाय बमोजिमको क्षेत्र अनुसार खण्डीकृत गरिएको छ :

१. भौगोलिक (वडा)
२. सामाजिक (लिङ्ग)
३. संरचना (जातजाति)
४. सामाजिक न्यायको नीतिले परिलक्षित गरेको क्षेत्रहरु
५. स्थानीय आवश्यकताले निर्धारण गर्ने अन्य क्षेत्रहरु

(ङ) तथ्याङ्क प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकता अनुसार उपयुक्त तालिका, सूचकांक, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरुपका रुपमा प्रस्तुत गरिएको छ ।

(च) संभव भएसम्म विश्लेषणबाट प्राप्त सूचनालाई कम्तीमा दुई समयको अन्तरालमा वा प्रदेश/केन्द्रीय विवरण सँग तुलना गरी प्रस्तुत गरिएको छ ।

(छ) संकलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतिका लागि आवश्यकता अनुसार तथ्याङ्क विज्ञ वा प्राविधिक टोलीको सहयोग लिइएको छ ।

(ज) प्राप्त सूचनाका आधारमा तालिका, सूचकाङ्क, चार्ट वा चित्रहरुको माध्यमबाट देहायको विषयमा विश्लेषण गरिएको छ–

१. नगरको अवस्थालाई तथ्याङ्कले कसरी चित्रित गरेको छ ? (बढ्दो, घट्दो वा यथावत)
२. नगरको विकास, सेवा प्रवाह, नीति र शासन संचालनको अवस्था कस्तो छ ? (राम्रो, मध्यम, ठिकै)
३. नगरको कुन कुन क्षेत्रमा सवल कुराहरु देखिन्छ ? (उपलब्ध संभावनाहरु)
४. नगरको कुन कुन क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ ? (कमी कमजोरी र चुनौतीहरु)

**स्रोत नक्शा तयारी:** गाउँको स्थानगत तथा वस्तुस्थिती विशेषता दर्शाउने विवरणलाई नक्शामा प्रस्तुत गरिएको छ । वस्तुस्थिती विवरणमा उल्लेखित सूचनालाई नक्शामा प्रस्तुत गरी स्रोत नक्शा तयार गर्न र स्रोत नक्शालाई नगर वस्तुस्थिती विवरणको महत्वपूर्ण भागको रुपमा देहाय बमोजिम तयार गरिएको छ :–

(क) वस्तुस्थिती विवरणमा प्रस्तुत स्थानीय प्राकृतिक, भौतिक, साँस्कृतिक स्रोत साधनहरुको अवस्थिति एवं सामाजिक र आर्थिक अवयवहरुको स्थानगत स्थिति झल्काउने देहायका विवरणलाई नक्शामा प्रस्तुत गरी स्रोत नक्शा तयार गरिएको छ :

१. प्राकृतिक स्रोतसाधन (वन जंगल, नदीनाला, तालतलैया, पोखरी, सिमसार, कृषि, चरण क्षेत्र आदि),
२. साँस्कृतिक सम्पदा (मठमन्दिर, धार्मिक तथा साँस्कृतिक स्थल आदि),
३. पूर्वाधार विकास (पैदल मार्ग, सडक, पुल, कल्भर्ट, नहर, कुलो पैनी, खेलमैदान, आवास, खुल्ला क्षेत्र आदि),
४. सेवा केन्द्रहरु (नगरपालिका केन्द्र, अस्पताल/स्वास्थ्य केन्द्र, विद्यालय/शैक्षिक संस्था, सेवा केन्द्र, बैंक तथा वित्तीय संस्था, बैंकको एटीएम (ATM), सामुदायिक भवन, क्लव आदि)

(ख) उपरोक्त बमोजिमको विवरणलाई स्रोत नक्शाको रुपमा प्रस्तुत गर्दा अनिवार्य रुपमा विद्युतीय स्वरुप/भौगोलिक सूचना प्रणाली (जिआईएस) मा समेत तयार गरिएको छ ।

(ग) Global Positioning System (GPS) Survey, Google EarthSurvey, नापी विभागले तयार गरेको GIS Database लाई आधार मानी GIS Software प्रयोग गरेर जिआइएसमा आधारित स्रोत नक्शा बनाइएको छ ।

(घ) स्रोत नक्शामा समावेश गर्नु पर्ने नक्शाहरुको विवरण र तयारी विधि अनुसूची ७ बमोजिम गरिएको छ ।

**पाँचौ चरण: वस्तुस्थिती विवरण मस्यौदा तयारी :** वस्तुस्थिती विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुस्थिती विवरण तयारी कार्यशाला, तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुस्थिती विवरण प्रतिवेदन अनुसूची २ मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र स्रोत नक्शाको आधारमा तयार गरिएको छ । यस सम्बन्धी अन्य विवरण देहाय अनुसार गरिएको छ :–

(क) तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकांक, ग्राफ र चित्र, नक्शा आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ ।

(ख) विश्लेषणका क्रममा कुनै विवरण अधुरो, अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवाला सँग पुनः छलफल गरी निर्क्यौल गरिएको छ ।

(ग) वस्तुस्थिती विवरणलाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

(घ) वस्तुस्थिती विवरण तयारी कार्यसँग वैठक पुस्तिका तथा कागजात तथा प्रयोग गरिएका औजार (फाराम) हरुलाई अनुसूचीमा र प्रयोग भएका दस्तावेजहरुको विवरणलाई अनुसन्धान पद्धतिको मान्यता अनुरुप सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

**छैठौ चरण: गाउँ वस्तुस्थिती विवरण प्रमाणीकरण कार्यशाला (Validation Workshop):** निर्धारित ढाँचामा गाउँ वस्तुस्थिती विवरणको पहिलो मस्यौदा तयार भए पश्चात् वस्तुस्थिती विवरणको मस्यौदामा छलफल गर्न नगरपालिका वा नगरपालिकाले देहायअनुसार कम्तीमा एक दिने प्रमाणीकरण कार्यशाला (Validation Workshop) को आयोजना गरिएको छ :

(क) प्रमाणीकरण कार्यशालामा देहायबमोजिम कार्यहरु गरिएको छ :–

१. प्रस्तुत भएका सूचना तथा विवरणको शुद्धता र तथ्य यकिन गरी सुधारको लागि सुझाव संकलन गर्ने,
२. वस्तुस्थिती विवरणको मस्यौदाले समेट्न नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरु केलाई समावेश गर्न सुझाव आदान प्रदान गर्ने,
३. वस्तुस्थिती विवरणमा प्रस्तुत तथ्याङ्क, सूचना तथा विवरणहरुको अन्तर सम्बन्ध र तुलनात्मक पक्षहरु यकिन गर्ने,
४. वस्तुस्थिती विवरण प्रकाशन पश्चात् यसका विवरणहरु योजना तर्जुमा, विकास निर्माण, सेवा प्रवाह, कार्य सम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने,

(ख) कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया देहाय बमोजिम गरिएको छः–

१. नगर कार्यपालिकाद्वारा कार्यशालाको आयोजना
२. कार्यशालाको अध्यक्षता अध्यक्ष/प्रमुखद्वारा गरिएको
३. वस्तुस्थिती विवरण तयारीमा संलग्न प्राविधिक टोली वा सहजकर्ता वा कर्मचारीले वस्तुस्थिती विवरणका प्रमुख विषय तथा सूचना विवरण प्रस्तुत
४. प्रस्तुति पश्चात् सरोकारवालाहरुको तर्फबाट सुझाव संकलन गर्न वस्तुस्थिती विवरणमा प्रस्तुत खण्ड बमोजिमको समूहहरु बनाई समूहगत छलफल गरिएको,
५. समूहगत छलफल पछि प्रत्येक समूहबाट प्राप्त सुझावलाई पूर्णसत्र (Plenary) मा प्रस्तुत गरिएको
६. समूहगत तथा पूर्ण सत्रको छलफलबाट प्राप्त सुझाबहरुलाई लिपिबद्ध गरिएको,

(ग) कार्यशालाको छलफल र सुझावलाई समावेश गरी वस्तुस्थिती विवरण प्रतिवेदनलाई अन्तिम रुप दिईएको

(घ) कार्यशालामा देहाय बमोजिमका सरोकारवालाको सहभागिता गरिएको छ(

१. नगर सभाका सदस्यहरु,
२. नगर कार्यपालिका पदाधिकारी,
३. नगर कार्यपालिका शाखा/उपशाखा र विषयगत प्रमुख तथा कर्मचारीहरु,
४. नगर वडा कायालयका वडा सचिवहरु,
५. स्थानीय तहमा कार्यरत सङ्घीय र प्रदेश कार्यालयका प्रमुख/प्रतिनिधिहरु,
६. संघ संस्था, समुदायमा आधारित संस्थाका प्रमुख वा प्रतिनिधि,
७. स्थानीय स्तरमा विषयगत तथ्याङ्कका जानकार व्यक्तिहरु,
८. नगरपालिका वा नगरपालिकाले आवश्यक ठानेका बुद्धिजीवि, नागरिक समाज, पत्रकार प्रतिनिधिहरु,

(ङ) कार्यशालामा नगरपालिका स्तरमा क्रियायाशील राजनीतिक दलका प्रतिनिधिलाई आमन्त्रण गरिएको

### १.४.१ वस्तुस्थिती विवरण ढाँचा, औजार तथा कार्य विधि तयारी

स्थानीय वस्तुगत विवरण किन, कसरी, कहिले र कसले गर्ने भनि सबै तहगत प्रक्रिया निर्धारण गर्न शुरुवाती चरणमा वस्तुगत विवरणको सूचकगत स्तरीय ढाँचा, तथ्याङ्क संकलन/सर्वेक्षण औजार र कार्य विधि तयारी गरिएको छ। यस अन्तर्गतका कार्यहरु देहाय बमोजिम गरिएको छ :–

अ) प्रथमतः गाँउ क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तु स्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैंङ्गीक र जातीगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी विषय सूची बमोजिमको वस्तुगत विवरणको स्तरीय ढाँचा स्वीकृत गरिएको छ।

आ) स्वीकृत वस्तुगत विवरणको स्तरीय ढाँचामा उल्लेख भएका विवरण तयार गर्न विश्वसनियता र उपलब्धताका आधारमा तथ्याङ्कका श्रोतहरुको आँकलन गरी देहाय बमोजिमका श्रोतबाट सूचना प्रविधिमा आधारित तथ्याङ्क तथा सूचना संकलन गरिएको छ :–

१. घरपरिवार सर्वेक्षण (सवै घरपरिवार)

२. संस्थागत सर्वेक्षण (नगरपालिकाको कार्यालय, डिभिजन तथा जिल्ला स्थित विषयगत कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, वैंक तथा औद्योगिक/व्यवसायिक प्रतिष्ठान, केन्द्रीय तथ्याङ्क विभाग तथा मातहतका कार्यालय, संघ संस्था, सामुदायिक संस्था आदीको अभिलेख तथा उपलब्ध विवरण)

३. सहभागितामूलक लेखाजोखा सर्वेक्षण (जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदी)

(इ) पारिवारिक विवरण संकलनकालागि विद्युतीय माध्यम (Smartphone) मा आधारित ODK सफ्टवेयर प्रणाली प्रयोग गरिएको छ ।

(ई) केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्गतका कार्यालय, नगर कार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्ला स्थित विषयगत कार्यालय, विद्यालय, श्रोत केन्द्र, सेवा केन्द्र, चौकी, संघ संस्था तथा समुदायमा आधारित संस्था आदि सबैको अभिलेख तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्शा तथा विभिन्न अध्ययन तथा सर्वेक्षण प्रतिवेदनबाट प्राप्त संस्थागत विवरण (द्वितीय श्रोत तथ्याङ्क) संकलन गरिएको छ ।

(उ) जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदी जस्ता सहभागितामूलक लेखाजोखा विधि प्रयोग गरी पारिवारिक विवरण तथा संस्थागत विवरणबाट थप सूचना संकलन गरिएको छ ।

(ऊ) उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण तयारी गर्नु पूर्व गाँउ/नगर बस्तुगत विवरण तयारी कार्यविधि २०७५ को विषय सूची बमोजिमको स्तरीय ढाँचा, अनुसूची १ बमोजिमको तथ्याङ्क संकलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया गाँउ कार्यपालिकाले स्वीकृत लिई सम्पन्न गरिएको छ । यसरी स्वीकृत गर्दा वस्तुगत विवरणको कानूनी तथा नीतिगत आधार, तयारी गोष्ठि, तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरु समेत समावेश भएको छ ।

### १.४.२ वस्तुगत विवरण तयारी गोष्ठि तथा कार्ययोजना स्विकृति

वस्तुगत विवरण तयारीको उद्देश्य, अवधारणा, कानूनी तथा नीतिगत आधार, तयारी विधि तथा प्रक्रिया, तथ्यांक संकलन फाराम र सूचना प्रविधि, सरोकारवालाहरुको पहिचान तथा भूमिका र कार्ययोजना सम्बन्धमा प्रस्तुति तथा सहभागितामूलक ढंगले छलफल गरीयो । कार्यशालामा सिलसिलेवार रुपमा उपरोक्त विषयहरुको प्रस्तुति र छलफलमा सहजीकरण गरी साझा धारणा, बुझाई र प्रतिवद्धता कायम गरिएको छ । वस्तुगत विवरण तयारी कार्यशालामा प्रमुखले तोके बमोजिम देहाय बमोजिमको सहभागिता गरईएको थियो :–

१) नगर कार्यपालिकाको प्रमुख र पदाधिकारीहरु

२) नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत

३) वडा अध्यक्षहरु

४) विषयगत कार्यालयका प्रमुखहरु

५) नगरपालिकाबाट छनौट गरिएका स्थानीय स्तरको जानकार विशेषज्ञ/ नागरिक समाजका व्यक्तिहरु

६) संघ संस्थाका प्रतिनिधित्व हुने गरी अध्यक्ष र प्रमुखले आमन्त्रण गरेका प्रतिनिधिहरु

७) स्थानीय क्रियाशिल राजनीतिक दलका प्रमुखहरु

### १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

स्थानीय परिवेश र सर्वेक्षणबारे ज्ञान, अनुभव भएकालाई प्राथमिकता दिई स्थानीय जानिफकारलाई गणकको रुपमा लिईएको छ। भौगोलिक अवस्थिति, जनसंख्याको सघनता र कार्यको मात्रा, कार्य चाप तथा समय सीमाका आधारमा प्रत्येक वडामा २ जना गणकहरुको छनौट गरी परिचालन गरिएको छ :

१. उर्लाबारी नगरपालिकाको पारिवारिक विवरण संकलनका लागि उपयुक्त योग्यता र अनुभवका आधारमा यथोचित संख्यामा सम्बन्धित वडाबाट जानकार योग्य व्यक्तिलाई गणकको रुपमा छनौट गरिएको छ।

२. पारिवारिक विवरण सर्वेक्षण कार्यमा संलग्न गणकहरुको योग्यता कम्तिमा १० कक्षा पास र तथ्याङ्क संकलन कार्य वा सामाजिक परिचालन वा स्थानीय परिवेशसँग जानकार भएको व्यक्तिहरु रहेका छन्।

३. छनौट गरिएका गणकहरुलाई नगर कार्यपालिकाका तथा सहजकर्ताद्वारा तथ्याङ्क संकलन औजार तथा तथ्याङ्क संकलन विधि तथा प्रक्रिया बारे जानकारी प्रदान गर्न एक दिने अभिमूखिकरण कार्यक्रम संचालन गरिएको छ।

४. अभिमुखीकरण कार्यक्रमको प्रारम्भमा गणकहरुको आचारसंहिता सहित तथ्याङ्क संकलनका व्यवहारिक समस्या र समाधानका बारेमा प्रस्ट पारीएको छ तत्पश्चात् पारिवारिक विवरण संकलन फाराममा उल्लेखित हरेक प्रश्नमा केन्द्रीत रही वस्तुगत र स्थानगत वास्तविकतालाई मध्यनजर गरी कार्यविधिका प्रावधानहरुलाई बोध गराउदै गणकहरुलाई अभिमुखीकरण गरिएको छ। व्यवहारिक अभ्यासका क्रममा आवश्यक पृष्ठपोषण प्रदान गरी फाराममा उल्लेख भए बमोजिम तथ्याङ्क संकलनको सुनिश्चितता हुने गरी अभ्यस्त गराईएको छ।

५. पारिवारिक विवरण संकलन कार्यमा सूचना प्रविधि जस्तै ट्यावलेट वा स्मार्टफोन जस्ता विद्युतीय माध्यमको प्रयोग गर्नु पर्ने भएकोले सोहि अनुसार स्मार्टफोन वा ट्याबलेटको प्रयोग गरी माथी उल्लेख भए बमोजिमको तरीकाबाट अभ्यस्त गराईएको छ।

६. ट्याबलेट वा स्मार्टफोन जस्ता विद्युतीय माध्यमबाट तथ्याङ्क संकलन गर्न गणकहरु छनौट तथा परिचालन गर्दा सो साधन भएका तथा अभ्यस्त स्थानीय व्यक्तिलाई परिचालन गर्दा उपयुक्त हुने हुँदा सोही अनुसार गरिएको छ।

७. पारिवारिक विवरण संकलन प्रक्रियामा वडा समिति र वडा कार्यालयले आवश्यक संयोजन, सहयोग र अनुगमन प्रक्रियाबाट सम्पन्न गरिएको छ।

८. गणकहरुको पारिश्रमिक नियमानुसार निर्धारण गरिएको छ।

### १.४.४ तथ्याङ्क संकलन

वस्तुगत विवरणका लागि नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ बमोजिम निर्धारित फाराम प्रयोग गरी आवश्यक तथ्याङ्क, सूचना वा विवरण संकलन गरिएको छ। नगरपालिकाको वस्तुगत विवरणको स्तरीय सूचकगत ढाँचा अनुसार मुख्य गरेर संस्थागत र पारिवारिक सर्वेक्षण गरी प्राथमिक र द्वितीय दूई प्रकारका श्रोतबाट तथ्याङ्क संकलन गरिएको छ। यसरी तथ्याङ्क संकलन गर्ने क्रममा नगरपालिकाका प्रमुखको निर्देशन बमोजिम नगर कार्यपालिकाको सूचना शाखाको प्रमुख संग आवश्यक समन्वय, संयोजन र व्यवस्थापन गरिएको छ। पारिवारिक विवरण संकलनको लागि अनुसूची १ मा प्रस्तुत तथ्याङ्क संकलन फाराम तथा) संस्थागत /आधारभूत) तथ्याङ्क विवरण संकलनका लागि गाँउ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ को अनुसूची ३ (क) मा उल्लिखित तथ्याङ्क

संकलन फाराम प्रयोग गरिएको छ। साथै वस्तुगत विवरण तयारी तथा अद्यावधिक गर्न प्राथमिक स्रोतबाट सूचना संकलन गर्न जोड दिइएको तथा प्राथमिक स्रोत उपलब्ध नहुने अवस्थामा द्धितिय श्रोत मार्फत विवरण संकलन गरिएको छ। जसमा निम्न लिखित स्रोतलाई प्राथमिक स्रोत तथा संस्थागत/आधारभूत –द्वितीय श्रोत) को रुपमा लिई सूचना संकलन गरिएको छ :

**प्राथमिक श्रोत**

१. पारिवारिक विवरण सर्वेक्षण
२. अन्य सर्वेक्षण (जानिफकार तथा लक्षित समूह अन्तरवार्ता, सहभागितामूलक लेखाजोखा र अन्य)

*उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण तयार गर्ने क्रममा देहायको स्थिति रहेकोले प्राथमिक श्रोत (पारिवारिक विवरण सर्वेक्षण) बाट तथ्याङ्क संकलन गरिएको हो ।*

१. आधारभूत तथ्यांक, सूचना वा विवरण नरहेको तथा अद्यावधिक गर्नुपर्ने अवस्था रहको,
२. राष्ट्रिय जनगणनाको प्रतिवेदन पाँच वर्ष भन्दा पुरानो भएको,
३. स्थानीय तहको नयाँ संरचना अनुसार भौगोलिक (वडागत) र सामाजिक (लैंगिक र जातजातीगत) रुपमा खण्डीकृत तथ्याङ्क आधार तयार गर्नु पर्ने भएकोले,
४. स्थानीय तहमा नीति तथा योजना तर्जुमा, सेवा प्रवाह, कार्यसम्पादन, नतिजा मापनकालागि स्थानीय परिवेश अनुसार आवश्यक तथ्याङ्क विवरण आवश्यक देखिएकोले
५. संरचनागत, सामाजिक र भौतिक परिवर्तनबाट सिर्जित नयाँ आयाम र सवाल (वातावरण, जलवायु परिवर्तन, विपद आदी) सम्बोधनलाई उपलब्ध सूचनाले पुरा गर्न नसकेकोले,

**द्धितिय श्रोत**

१. केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गर्ने जनसंख्या सर्वेक्षण, गणना तथा अन्य आर्थिक सर्वेक्षण प्रतिवेदनहरु ।
२. जिल्ला स्तरमा विषयगत कार्यालय र सरोकारवालाहरुबाट प्रकाशित प्रगति प्रतिवेदन, विवरण तथा अभिलेखहरु ।
३. प्रमाणित भएका अनसुन्धान संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरु ।
४. पर्यटकीय क्षेत्र प्रवर्द्धनकोलागि प्रकाशन भएका प्रमाणित सूचना पुस्तिकाहरु ।
५. आधिकारिक तथा विश्वसनीय अन्य प्रतिवेदन तथा प्रकाशनहरु ।

### १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्शा तयारी

**क) तथ्याङ्क प्रशोधन तथा विश्लेषण**

पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्रकृति, श्रोत र आवश्यकता अनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ। वस्तुगत विवरण तयारीको पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षण विधिबाट संकलन गरिएको तथ्याङ्कलाई देहाअनुसार प्रशोधन तथा विश्लेषण गरिएको छ :–

(क) ODK प्रयोग गरी ट्यावलेट/स्मार्टफोन प्रयोग गरी पारिवारिक विवरण सर्वेक्षण गरियो। यस प्रकारको तथ्याङ्क सिधै कम्प्युटर प्रणालीमा आवद्ध हुनाले कम्प्युटर बाटै सिधै विश्लेषण गरिएको छ।
(ख) सहभागितामूलक लेखाजोखा तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटरको MS Excel सिटमा तथ्याङ्क प्रशोधन गरी तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ।
(ग) उपरोक्त अनुसार संकलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण विज्ञ बाट गरिएको छ।
(घ) विश्लेषणबाट प्राप्त सूचनाहरुलाई विषय सुची बमोजिमको खण्डिकृत गरिएको छ।

(ङ) तथ्याङ्क प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकता अनुसार उपयुक्त तालिका, सूचकांक, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरुपमा प्रस्तुत गरिएको छ ।

(च) संभव भएसम्म विश्लेषणबाट प्राप्त सूचनालाई कम्तीमा दुई समयको अन्तरालमा वा केन्द्रीय विवरणसँग तुलना गरी प्रस्तुत गरिएको छ ।

(छ) संकलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतीकालागि विज्ञ प्राविधिक टोलिले गरेको छ ।

### १.४.६ वस्तुस्थिती विवरणको मस्यौदा तयारी

वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुगत विवरण तयारी कार्यशाला, तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुगत विवरण प्रतिवेदन कार्य विधि मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र श्रोत नक्शाको आधारमा वस्तुगत विवरणको मस्यौदा तयार गरिएको छ ।

### १.४.७ वस्तुस्थिती विवरण सुझाव संकलन

वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्य विधि, वस्तुगत विवरण तयारी कार्यशाला, तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुगत विवरण प्रतिवेदन कार्य विधि मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र श्रोत नक्शाको आधारमा वस्तुगत विवरणको मस्यौदा तयार गरिएको छ । तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकांक, ग्राफ र चित्र, नक्शा, आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ । तथ्याङ्क विश्लेषणका क्रममा कुनै विवरण अधुरो, अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवाला सँग पुनः छलफल गरी निर्क्यौल गरीनेछ । वस्तुगत विवरणलाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ तथा वस्तुगत विवरण तयारी कार्यसँग वैठक पुस्तिका तथा कागजात तथा प्रयोगमा आएका औजार (फाराम) हरुलाई अनुसूचीमा र प्रयोग भएका दस्तावेजहरुको विवरणलाई अनुसन्धान पद्धतिको मान्यता अनुरुप सन्दर्भ सामग्रीको सूचीमा समावेश गरिएको छ ।

### १.४.८ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सुझाबहरुलाई समावेश गरी देहायअनुसार वस्तुगत विवरणलाई अन्तिम रुप दिई प्रकाशन गरीने छः–

(क) मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरु, कार्यशालाबाट प्रस्तुत सुझावहरु बारे सम्बन्धित सरोकारवालासँग आवश्यकतानुसार पुनःपरामर्श गरी वस्तुगत विवरणलाई पूर्णता दिइने छ ।

(ख) वस्तुगत विवरणको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरुका सुझावहरुलाई समेत ध्यान दिई समावेश गरीनेछ ।

(ग) वस्तुगत विवरणको विद्युतीय प्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई नगरपालिकामा सार्वजनिक गरी आवश्यकता अनुसार छाँया प्रति, विद्युतीय वा छापा माध्यमबाट प्रकाशन गर्नेछ ।

### १.४.९ वस्तुगत विवरण सुझाव संकलन

वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुगत विवरण तयारी कार्यशाला, तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुगत विवरण प्रतिवेदन कार्यविधि मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र श्रोत नक्शाको आधारमा वस्तुगत विवरणको मस्यौदा तयार गरिएको छ । तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकांक, ग्राफ र चित्र, नक्शा, आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध

तरिकाले प्रस्तुत गरिएको छ। तथ्याङ्क विश्लेषणका क्रममा कुनै विवरण अधुरो, अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवालासँग पुनः छलफल गरी निर्क्यौल गरीनेछ। वस्तुगत विवरणलाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ तथा वस्तुगत विवरण तयारी कार्यसँग वैठक पुस्तिका तथा कागजात तथा प्रयोगमा आएका औजार (फाराम) हरुलाई अनुसूचीमा र प्रयोग भएका दस्तावेजहरुको विवरणलाई अनुसन्धान पद्धतिको मान्यता अनुरुप सन्दर्भ सामग्रीको रुपमा सूचीगत गरिएको छ।

### १.४.१० वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सुझाबहरुलाई समावेश गरी देहायअनुसार वस्तुगत विवरणलाई अन्तिम रुप दिई प्रकाशन गरीने छः–

(क) मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरु, कार्यशालाबाट प्रस्तुत सुझावहरु बारे सम्बन्धित सरोकारवालासँग आवश्यकतानुसार पुनःपरामर्श गरी वस्तुगत विवरणलाई पूर्णता दिइने छ।

(ख) वस्तुगत विवरणको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरुका सुझावहरुलाई समेत ध्यान दिई समावेश गरीनेछ।

(ग) वस्तुगत विवरणको विद्युतीय प्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई नगरपालिकामा सार्वजनिक गरी आवश्यकता अनुसार छाँया प्रति, विद्युतीय वा छापा माध्यमबाट प्रकाशन गर्ने छ।

# परिच्छेद २ः नगरपालिकाको चिनारी

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०१/२५गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा गरी तत्पश्चात् नेपाल सरकारको मिति २०७३/११/२७ को पुर्न संरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स. र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन गरी हालको उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन गरिएको हो । मोरंग जिल्लाकै नमूना नगरको रुपमा परिचित हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ. नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ । यस नगरपालिको क्षेत्रफल ७४.६२ वर्ग कि.मि. रहेको छ । यहाँको अधिकांश भू–भाग खेतियोग्य जमिन भएता पनि बढ्दो सहरीकरणले गर्दा समयमै यस नगरको विकासलाई व्यवस्थित गर्नका लागि अहिले बाटै योजनाहरु बनाई कार्य गर्नुपर्ने जरुरी देखिन्छ । उर्लाबारी चोक देखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढाठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिकाले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

### २.१ भौगोलिक अवस्थिति

*मानचित्रमा उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।*

तालिका १ः उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्थिति

| | |
|---|---|
| भौगोलिक अवस्थिति | २६.५५° देखी २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर |
| क्षेत्रफल | ७४.६२ बर्ग किमि |
| उचाई | समुन्द्रि सतहबाट ११६ मि.देखि १६४ मि. उचाई |
| सिमाना | पूर्वमा दमक नगरपालिका<br>पश्चिममा पथरीशनिश्चरे र लेटाङ नगरपालिका<br>उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका<br>दक्षिणमा रतुवामाई नगरपालिका |

### २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

तत्कालिन मधुमल्ला गा.वि.स.को वडा नं. ५, ९ र लेटाङ्ग गा.वि.स.को वडा नं. ७, ८ र ९ को क्षेत्र मिलाई २०३५ सालमा उर्लाबारी गाउँ पञ्चायतको रुपमा स्थापना भएको यो उर्लाबारी नगरपालिका हाल मोरङ्ग जिल्लाको विराटनगर पछिको दोश्रो ठूलो सहरको रुपमा परिचित छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडी (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र मानवीय बसोवासको बृद्धि तथा वन फडाँनी सँगै शाब्दिक परिवर्तन समेत सँग–सँगै हुदैजाँदा आधुनिक उर्लाबारी नगरीको रुपमा विकसित भई अहिले आफ्नो छुट्टै पहिचान स्थापित गर्दै एक सुन्दर नगर बन्ने पाटोमा आफूलाई परिचित गराउँदै छ ।

### २.३ राजनीतिक अवस्थिति

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमूना बमोजिम गठित नगरपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मा देहाय बमोजिम प्रशासकिय हिसावमा यस नगरपालिका तत्कालिन मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकाहरूलाई समेटेर निर्माण गरिएको हो । जुन वडागत रुपमा निम्न अनुसार रहेको छ :

तलिका २: उर्लाबारी नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स र न.पा | साविक वडा नं. |
|---|---|---|
| १ | मधुमल्ला | ७, ८ र ९ |
| २ | उर्लाबारी | ७, ८ र ९ |
| ३ | उर्लाबारी | ६ |
| ४ | उर्लाबारी | १ र ५ |
| ५ | उर्लाबारी | २ |
| ६ | उर्लाबारी | ३ |
| ७ | उर्लाबारी | ४ |
| ८ | राजघाट | १, २, ३, ४ र ९ |
| ९ | राजघाट | ५, ६, ७ र ८ |

*श्रोतः राजपत्र २०७३/११/२७ गते*

### २.४ धरातलीय अवस्था

अध्ययनका लागि प्रस्तावित उर्लाबारी नगरपालिका क्षेत्र मोरङ्ग जिल्लामा पर्दछ । भौगोलिक रुपमा २६.५५° देखी २६.७२° अक्षांश र ८७.५७° देखि ८७.६५° देशान्तर र समुन्द्रि सतहबाट ११६ मि. देखि १६४ मि. उचाई सम्म फैलिएको यो नगरपालिका तराई मैदान र आवादी क्षेत्र भएकोले यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्रहरु प्रसस्त मात्रामा रहेको पाइन्छ । यहाँको केही भागमा धार्मिक तथा कबुलियत वन पाउन सकिन्छ । उष्ण मनसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा दक्षिण तर्फ तापक्रम बढी हुने गर्दछ । यस नगरपालिकालाई पूर्व–पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ ।

### २.५ प्राकृतिक सम्पदा

जिल्लाको मध्य तथा दक्षिणी भागमा पर्ने यस क्षेत्रमा घना जंगल र सिमसार क्षेत्र तथा वनहरु प्रशस्त मात्रामा छन् । उष्ण मनुसुनी हावापानीको असर पर्ने यस क्षेत्रमा उत्तरतर्फ भन्दा तापक्रम बढी हुने गर्दछ । आधा दर्जन जति नदी नालाहरु रहेकोले पानीको श्रोत प्रशस्तै रहेको पाइन्छ । वेतनि सिमसार क्षेत्र, संग्रहालय तथा धिमाल जातिको संस्कृतिले यस नगरको आफ्नै विशिष्टता ओगटेको छ । जसमा अन्य विभिन्न सिमसार क्षेत्रहरुले यस नगरपालिकाको प्राकृतिक सुन्दरतालाई टेवा पुऱ्याइ रहेको छ ।

### २.६ साँस्कृतिक उत्कृष्टता

देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रीतिरिवाजहरु मान्दछन्। अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्म संग आवद्ध व्यक्तिहरुले विशेष चाडपर्वहरु आफ्नै–आफ्नै ढंगबाट (फरक–फरक) तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागुपुर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, इद, कुर्वानी तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ। यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलिको मानव वस्ति रहेको र सोहि अनुरुप चाडपर्वहरु पनि मनाँईदै आएको पाईन्छ। यहाँ धिमाल समुदायको भने आफ्नै भाषा रहनसहन भेषभूषा परम्परा र संस्कार रहेको भेटिन्छ।

तलिका ३: मुख्य स्थानिय चाँडपर्व तथा जात्राहरु

| क्र.सं. | मनाईने महिना | चाडपर्व/ जात्रा / मेलाहरुको नाम |
|---|---|---|
| १ | बैशाख | बुद्धजयन्ती, साकेला/उभौली पर्व,मेष संक्रान्ति |
| २ | जेठ | वृष संक्रान्ति, बकर इद, ढङ्ढङे र असाढे पूजा |
| ३ | असार | धिमाल समपन  मेला, प्रक्रिती पूजा, मिथुन संक्रान्ति, जात्रि, ढङ्ढङे र असाढे पूजा, |
| ४ | श्रावण | राखि, नाग पञ्चमी, साउने संक्रान्ति/कर्कट संक्रान्ति |
| ५ | भाद्र | कृष्ण जन्माअष्टमी, जितिया, चौथी पर्व, सिंह संक्रान्ति |
| ६ | असोज | वह, विश्वकर्मा पूजा, दशैं/दुर्गा मेला, कन्या संक्रान्ति |
| ७ | कार्तिक | दीपावलि, छठ, महागुरु फाल्गुनन्द जयन्ती, म्हः पूजा |
| ८ | मंसिर | साकेला/उधौली पर्व |
| ९ | पौष | उधौली पर्व, तमु ल्होसार, तोल ल्होसार, क्रिसमस, धान्य पूर्णिमा, योमरी पुन्हि |
| १० | माघ | माघे संक्रान्ति, सोनाम ल्होसार, विवाह पञ्चमी मकर संक्रान्ति, साकेला, |
| ११ | फाल्गुन | ग्याल्पो ल्होसार, होलि, महाशिवरात्री, कुम्भ संक्रान्ति, स्वस्थानी, |
| १२ | चैत्र | महावीर जात्रा, रामनवमी, चैते दशैं, चैते छठ, मीन संक्रान्ति, |

*श्रोतः उर्लाबारी न.पा. तथा वडा कार्यालयहरु, २०७५*

### २.७ धार्मिक स्थलहरु

उर्लाबारी नगरपालिकामा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरुको विवरण निम्नानूसार उल्लेख गरिएको छ :

तालिका ४: नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको विवरण

| वडा | धार्मिक तथा पर्यटकीय स्थल |
|---|---|
| १ | बुढा ठाकुर,सयङ्छेक्लिङ्ग गुम्बा, नगेश्वोर शिवालय मन्दिर, बेथेल चर्च, दुर्गा देवी थान मन्दिर, सर्वेश्वोर शिवालय मन्दिर, किर्तेश्वोर मन्दिर, सिंह देवि मन्दिर |
| २ | जलेश्वर शिवालय मन्दिर, राधा कृष्ण मन्दिर, सूर्यनारायण मन्दिर, सिद्ध वौद्ध गुम्बा, जलपा देवि मन्दिर |

| | |
|---|---|
| ३ | श्री नवनाथ चौरासिद्ध गुरुगोरक्ष, धिमाल जातीय विकास केन्द्र,राम जानकी मन्दिर, वराह वराही मन्दिर, दुर्गा मन्दिर,सत्यनारायण मन्दिर, महारुद्र शिव मन्दिर, किराँत राई आयोख्या, साङ्के छेमोलिङ्ग गुम्बा, ॐ शान्ति पाठशाला, विन्दावासिनी मन्दिर, सोमलिंग शिव मन्दिर |
| ४ | लक्ष्मी नारायण मन्दिर, शिवालय मन्दिर, सोमनाथ शिवालय मन्दिर |
| ५ | नेपाल बौद्ध गुम्बा, पूर्वाञ्चल बौद्ध गुम्बा, ॐ शान्ति भवन, मगर गुम्बा झुम्ब्रा, ज्येष्ठ नागरीक मिलन चौतारी, किराँत राई यायोख्या |
| ६ | महारुद्र शिवालय मन्दिर, शिद्धेश्वर शिव वावा धाम, गुरु गोरखनाथ मन्दिर, तमु बौद्ध गुम्बा, आम्मा( नन्द मिङ्सो माङ्हीम, किराँत, कृष्ण मन्दिर, धिमाल विकास केन्द्र, सिद्धेश्वर धाम, ढुंगाना प्रतिष्ठान, तामाङ्गहरुको गुम्बा |
| ७ | गणेश मन्दिर, दुर्गा मन्दिर, बौद्ध विहार, राधाकृष्ण मन्दिर, शिवालय मन्दिर, हनुमान मन्दिर, देवदाग मन्दिर |
| ८ | नागेश्वर शिव मन्दिर, गणेश मन्दिर, काली मन्दिर, सिद्धेश्वर मन्दिर, सत्सङ्ग भवन, राधा कृष्ण मन्दिर, मस्जिद, चर्च |
| ९ | शिवालय मन्दिर, सिंह काली मन्दिर, दुर्गा मन्दिर, जाल्पादेवि मन्दिर, किराँत याक्थुङ्ग चुम्लुङ्ग मन्दिर, चर्च उर्लाबारी |

*श्रोतः वडा कार्यालयहरु, उर्लाबारी नगरपालिका२०७६*



फोटोः पाथिभरा मन्दिर, वडा नं. ७




फोटोः धिमाल विकास केन्द्र, वडा नं. ३



फोटोः कृष्ण मन्दिर, वडा नं. ६

# परिच्छेद ३: पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३.१ बस्ती र घरपरिवार विवरण

बस्ती भन्नाले कुनै पनि ठाँउमा निश्चित क्षेत्र ओगटेर बसेका जनसंख्याको समूहलाई जनाँउदछ । परिवार, घर तथा टोल मिलेर एउटा बस्तिको संरचना हुन्छ । बस्ति भन्नाले त्यो स्थान भन्ने बुझिन्छ जहाँ भौतिक तथा जैविक पर्यावरणको अवस्थिति तथा सन्तुलन रहेको हुन्छ । वास्तवमा कुनै पनि क्षेत्रको विकास तथा बिस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तिको ठुलो योगदान रहेको हुन्छ । थोपा–थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरि बस्ति–बस्ति मिलेर वडा अनि वडा–वडा मिलेर सिङ्गो नगरको स्वरुप तयार भएको हुन्छ । यस नगरपालिकामा रहेका ९ वटा वडामा अवस्थित प्रमुख बस्तिहरु तथा वडागत रुपमा रहेको घरपरिवार विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: बस्तिहरु

| वडा नं. | प्रमुख बस्तीहरु |
|---|---|
| १ | झारसाँदी |
| २ | कटहरे |
| ३ | थापाचोक |
| ४ | उर्लाबारी |
| ५ | शान्ती मार्ग |
| ६ | जनपथ चोक |
| ७ | पशुपति मार्ग, |
| ८ | दुर्गापूरी |
| ९ | राजघाट, कुल्झोडा |

*श्रोतः वडा कार्यालयहरु, उर्लाबारी नगरपालिका २०७६*

## ३.२ जनसंख्या वितरणको अवस्था

घरधुरी सर्वेक्षण **२०७६** अनुसार उर्लाबारी नगरपालिकाको कुल जनसंख्या **७०६०५** रहेको मध्ये पुरुषको संख्या **३४४९८** र महिलाको संख्या **३६०९२** रहेको देखिन्छ भने जम्मा घरपरिवारको संख्या **१३७६१** रहेको देखिन्छ । त्यसैगरी लैङिक अनुपात **९५** रहेको र यस न.पा.मा औषत परिवार संख्या **५.१३** रहेको छ । यस न.पाको जनघनत्व **९४६** प्रति व.कि.मी रहेको छ । वडागत रुपमा जनसंख्याको वितरणलाई तलको तालिका तथा स्तम्भचित्रमा देखाइएको छ ।

तालिका ६: वडागत जनसंख्या वितरण २०६८ र २०७६

| | घरपरीवार सर्वेक्षण २०७६ | | | | | राष्ट्रिय जनगणना २०६८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
| १ | १८५६ | १०२४६ | ४८६२ | ५३८४ | | १,५६२ | ६,९९५ | ३,२०२ | ३,७९३ |
| २ | १९४९ | ९०१६ | ४५८६ | ४४२८ | २ | १,४९५ | ६,५३१ | २,९८० | ३,५५१ |

| | घरपरीवार सर्वेक्षण २०७६ | | | | | राष्ट्रिय जनगणना २०६८ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | तेस्रो लिङ्ग | जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला |
| ३ | ११३८ | ६३३५ | ३२११ | ३१२० | ४ | १,४१७ | ५,८५७ | २,७३८ | ३,११९ |
| ४ | १८६८ | ७६६९ | ३२७८ | ४३८९ | २ | १,५९५ | ६,९८० | ३,१८८ | ३,७९२ |
| ५ | १०७५ | ५५५५ | २७६९ | २७८६ | | ८५५ | ३,४५५ | १,५६४ | १,८९१ |
| ६ | १०६६ | ५७१५ | २८३२ | २८८३ | | १,०६६ | ४,६८० | २,२६४ | २,४१६ |
| ७ | १७३५ | ९११७ | ४४५७ | ४६५८ | २ | १,७३७ | ७,६६३ | ३,५५१ | ४,११२ |
| ८ | १८०० | ९६५२ | ४८४० | ४८११ | १ | १,४७५ | ६,५१२ | २,९४९ | ३,५६३ |
| ९ | १२७४ | ७३०० | ३६६३ | ३६३३ | ४ | १,३२८ | ६,०२३ | २,७१२ | ३,३११ |
| जम्मा | १३७६१ | ७०६०५ | ३४४९८ | ३६०९२ | १५ | १२,५३० | ५४,६९६ | २५,१४८ | २९,५४८ |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६, राष्ट्रिय जनगणना २०६८*

## तालिका ७: औषत परिवार संख्या तथा जनघनत्व वितरण

| घरपरीवार सर्वेक्षण २०७६ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | तेस्रो लिङ्ग | औषत परिवार संख्या | क्षेत्रफल | जनघनत्व |
| १ | १८५६ | १०२४६ | ४८६२ | ५३८४ | | ५।५२ | १३।०० | ७८७।८८ |
| २ | १९४९ | ९०१६ | ४५८६ | ४४२८ | २ | ४।६३ | ८।३५ | ४४२।११ |
| ३ | ११३८ | ६३३५ | ३२११ | ३१२० | ४ | ५।५७ | २।९९ | ४८४।२१ |
| ४ | १८६८ | ७६६९ | ३२७८ | ४३८९ | २ | ४।११ | ८।६८ | ८८३।०८ |
| ५ | १०७५ | ५५५५ | २७६९ | २७८६ | | ५।१७ | २।७३ | २,०३४।६४ |
| ६ | १०६६ | ५७१५ | २८३२ | २८८३ | | ५।३६ | २।५५ | २,२४१।३४ |
| ७ | १७३५ | ९११७ | ४४५७ | ४६५८ | २ | ५।२५ | २।८३ | ३,२२२।१८ |
| ८ | १८०० | ९६५२ | ४८४० | ४८११ | १ | ५।३६ | २०।३९ | ३,२२९।६० |
| ९ | १२७४ | ७३०० | ३६६३ | ३६३३ | ४ | ५।७३ | १३।०८ | ८७४।०४ |
| जम्मा | १३७६१ | ७०६०५ | ३४४९८ | ३६०९२ | १५ | ५।१३ | ७४।६२ | ९४६।२५ |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*




चित्र १ वडा अनुसार जनसंख्या वितरण




चित्र २ पुरुष महिला अनुपात

### ३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

उमेर समुहको आधारमा जनसंख्या विवरण लाई हेर्दा सबैभन्दा २० देखि २४ वर्षको जनसंख्या वढि देखिन्छ जुन ६७०२ जना रहेको छ । पुरुषको जनसंख्या मात्रै हेर्दा १५ देखि १९ वर्षको जनसंख्या बढि देखिन्छ भने महिलाको सबै भन्दा वढि जनसंख्या २५ देखि २९ वर्षको उमेर समुहमा देखिन्छ जनु क्रमशः ३१९० र ३६६० रहेको देखिन्छ ।

तालिका ८: उमेर समुह तथा लिङ्गको आधारमा जनसंख्या विवरण

| | वडा १ | | | वडा २ | | | | वडा ३ | | | | वडा ४ | | | | वडा ५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर समुह | पु. | म. | जम्मा | पु. | म. | ते | जम्मा | पु. | म. | ते | जम्मा | पु. | म. | ते | जम्मा | पु. | म. | जम्मा |
| ०-५ | ३९३ | ३७१ | ७६४ | ३४४ | ३७८ | १ | ७२३ | २४१ | २०५ | ४ | ४५० | ३१६ | ३३४ | | ६५० | २१७ | २११ | ४२८ |
| ५-९ | ३३४ | ३८५ | ७१९ | ३२४ | २६६ | | ५९० | १९८ | १८६ | | ३८४ | ३५१ | ३०६ | | ६५७ | २१५ | १८५ | ४०० |
| १०-१४ | ४४६ | ४५६ | ९०२ | ३८७ | ३७७ | | ७६४ | २८४ | २३१ | | ५१५ | ३८४ | ४०० | २ | ७८६ | २४७ | २७५ | ५२२ |
| १५-१९ | ४८६ | ४७१ | ९५७ | ४२५ | ४१६ | | ८४१ | २९९ | २७९ | | ५७८ | ४७२ | ४८४ | | ९५६ | २५६ | २४३ | ४९९ |
| २०-२४ | ५४९ | ५४९ | १०९८ | ४०४ | ४२६ | | ८३० | २८८ | २९० | | ५७८ | ३६५ | ४५१ | | ८१६ | २५५ | २७० | ५२५ |
| २५-२९ | ४७२ | ५४८ | १०२० | ३९२ | ३९७ | | ७८९ | २७९ | २९५ | | ५७४ | २७८ | ४६४ | | ७४२ | २१४ | २६७ | ४८१ |
| ३०-३५ | ४०६ | ४७५ | ८८१ | ४०६ | ३८० | | ७८६ | २८८ | ३०३ | | ५९१ | २३४ | ३८९ | | ६२३ | २२४ | २८२ | ५०६ |
| ३५-३९ | ४१२ | ४४९ | ८६१ | ४०७ | ३९७ | | ८०४ | २७३ | ३३४ | | ६०७ | २५२ | ४१३ | | ६६५ | २७९ | २८० | ५५९ |
| ४०-४५ | २७२ | ३७६ | ६४८ | ३४८ | २५३ | | ६०१ | २४१ | २६१ | | ५०२ | १७९ | २९१ | | ४७० | २५४ | २०० | ४५४ |
| ४५-४९ | २७६ | २८३ | ५५९ | २७२ | २५६ | | ५२८ | २३९ | १८१ | | ४२० | १३२ | २५९ | | ३९१ | १७३ | १६१ | ३३४ |
| ५०-५४ | २१९ | २८४ | ५०३ | २१९ | २२० | | ४३९ | १६२ | १५२ | | ३१४ | ९८ | १५२ | | २५० | १५४ | १०१ | २५५ |
| ५५-५९ | १४७ | २०६ | ३५३ | १८२ | १५६ | | ३३८ | १०९ | ९९ | | २०८ | ६४ | १०५ | | १६९ | ८६ | ७६ | १६२ |
| ६०-६४ | १४१ | १८७ | ३२८ | १२५ | १५४ | | २७९ | १०३ | ९४ | | १९७ | ३७ | ९७ | | १३४ | ५२ | ६६ | ११८ |
| ६६-६९ | १३० | १३१ | २६१ | १३१ | १४१ | | २७२ | ६५ | ८१ | | १४६ | ४३ | १०६ | | १४९ | ४५ | ४८ | ९३ |
| ७०ं | १७९ | २१३ | ३९२ | २२० | २११ | १ | ४३२ | १४२ | १२९ | | २७१ | ७३ | १३८ | | २११ | ९८ | १२१ | २१९ |
| जम्मा | ४८६२ | ५३८४ | १०२४६ | ४५८६ | ४४२८ | २ | ९०१६ | ३२११ | ३१२० | ४ | ६३३५ | ३२७८ | ४३८९ | २ | ७६६९ | २७६९ | २७८६ | ५५५५ |

| | वडा ६ | | | वडा ७ | | | | वडा ८ | | | | वडा ९ | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर समुह | पु | म | जम्मा | म | पु | ते | जम्मा | पु | म | ते | जम्मा | पु | म | ते | जम्मा | पु | म | ते | जम्मा |
| ०-५ | २१७ | १८४ | ४०१ | ३३४ | ३११ | १ | ६४६ | ४०५ | ४०८ | | ८१३ | २९७ | २७२ | | ५६९ | २७६४ | २६७४ | ६ | ५४४४ |
| ५-९ | २२० | १८२ | ४०२ | २८८ | २८५ | | ५७३ | ३०९ | २८५ | | ५९४ | १६६ | २१६ | | ३८२ | २४०५ | २२९६ | | ४७०१ |
| १०-१४ | २१९ | २२७ | ४४६ | ३८२ | ३८९ | | ७७१ | ३७१ | ३८३ | | ७५४ | २९१ | २४४ | | ५३५ | ३०११ | २९८२ | २ | ५९९५ |
| १५-१९ | २५३ | २६५ | ५१८ | ४१४ | ४५६ | | ८७० | ३९० | ३७८ | | ७६८ | २९५ | ३१० | | ६०५ | ३२९० | ३३०२ | | ६५९२ |
| २०-२४ | २१६ | २६६ | ४८२ | ३७५ | ४६६ | | ८४१ | ४०० | ४४६ | | ८४६ | ३२४ | ३६२ | | ६८६ | ३१७६ | ३५२६ | | ६७०२ |
| २५-२९ | २२३ | ३२५ | ५४८ | ३१४ | ४३२ | | ७४६ | ४४७ | ५६१ | | १००८ | ३५४ | ३७१ | | ७२५ | २९७३ | ३६६० | | ६६३३ |
| ३०-३५ | २६८ | ३०४ | ५७२ | ३६४ | ४२७ | | ७९१ | ४५४ | ४४० | | ८९४ | ३५८ | ३३४ | | ६९२ | ३००२ | ३३३४ | | ६३३६ |
| ३५-३९ | ३१३ | २६४ | ५७७ | ४०८ | ४७० | | ८७८ | ४४३ | ४०१ | | ८४४ | ३३५ | २६४ | ३ | ६०२ | ३१२२ | ३२७२ | ३ | ६३९७ |
| ४०-४५ | २०२ | २१८ | ४२० | ४५२ | ३३५ | | ७८७ | ३८५ | २९८ | | ६८३ | २५६ | २३४ | १ | ४९१ | २५८९ | २४६६ | १ | ५०५६ |
| ४५-४९ | २१० | १४८ | ३५८ | २९० | २३४ | | ५२४ | २८७ | २३० | | ५१७ | २३३ | २०१ | | ४३४ | २११२ | १९५३ | | ४०६५ |
| ५०-५४ | १४८ | ११७ | २६५ | २३९ | २०८ | | ४४७ | २२२ | २६३ | | ४८५ | १६८ | २०३ | | ३७१ | १६२९ | १७०० | | ३३२९ |
| ५५-५९ | ८६ | ९९ | १८५ | १४२ | १४९ | | २९१ | १८७ | १७२ | | ३५९ | १३९ | १४७ | | २८६ | ११४२ | १२०९ | | २३५१ |
| ६०-६४ | ७७ | ८६ | १६३ | १३४ | १६८ | १ | ३०३ | १७७ | १९७ | | ३७४ | १४२ | १५९ | | ३०१ | ९८८ | १२०८ | १ | २१९७ |
| ६६-६९ | ६८ | ६७ | १३५ | ११३ | ११० | | २२३ | १३९ | १४४ | | २८३ | ९८ | ९७ | | १९५ | ८३२ | ९२५ | | १७५७ |
| ७०ं | ११२ | १३१ | २४३ | २०८ | २१८ | | ४२६ | २२४ | २०५ | १ | ४३० | २०७ | २१९ | | ४२६ | १४६३ | १५८५ | २ | ३०५० |
| जम्मा | २८३२ | २८८३ | ५७१५ | ४४५७ | ४६५८ | २ | ९११७ | ४८४० | ४८११ | १ | ९६५२ | ३६६३ | ३६३३ | ४ | ७३०० | ३४४९८ | ३६०९२ | १५ | ७०६०५ |

श्रोतः घरधुरी सर्वेक्षण २०७६




चित्र ३ उमेर समुह तथा लिङ्गको आधारमा जनसंख्या विवरण

### ३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

मातृभाषाका आधारमा यस नगरपालिकामा नेपाली भाषा बोल्ने मानिसहरुको संख्या अत्याधिक मात्रामा रहेको देखिन्छ । यस नगरपालिकामा रहेको जम्मा जनसंख्या मध्ये ५००७५ (कूल जनसंख्याको ७०.९२५ प्रतिशत)ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ भने त्यस पछिको ठूलो हिस्सा लिम्वु तथा धिमाल भाषा बोल्ने मानिसहरु रहेका छन् जसमा लिम्बु भाषा बोल्ने ४१३२ (कूल जनसंख्झाको ५.८५%) र धिमाल भाषा बोल्ने ४११६ (कूल जनसंख्याको ५.८३%) जनसंख्या रहेको छ। यसै गरी सवै भन्दा कम जनसंख्या १७ जना (कूल जनसंख्याको ०.०२%) राजस्थानी भाषा बोल्ने मानिसहरु रहेको पाईएको छ ।  तलको तालिका तथा स्तम्भ चित्रमा मातृभाषाका आधारमा रहेको जनसंख्याको विवरणलाई देखाइएको छ ।

## तालिका ९: मातृभाषाको आधारमा जनसंख्या विवरण

| मतृभाषा | वडा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | वडागत जम्मा | प्रतिशत |
| नेपाली | ७१८८ | ५९१८ | ४०७६ | ६६२४ | ४८८२ | ४५०० | ७४९१ | ६०६० | ३३३६ | ५००७५ | ७०।९२% |
| लिम्बु | ५६७ | ३९९ | ४९२ | २०६ | १४८ | ७० | २७९ | ६८९ | १२८२ | ४१३२ | ५।८५% |
| धिमाल | ३१० | १२०६ | ४९५ | १४४ | १५ | २०४ | १११ | १४०६ | २२५ | ४११६ | ५।८३% |
| नेवार | ५२२ | ३९४ | २०५ | १४८ | १४९ | २७५ | १०६ | २६५ | ७४८ | २८१२ | ३।९८% |
| राई | ३०४ | ५१६ | २६६ | १६० | १२७ | २३४ | २२६ | २८२ | २८५ | २४०० | ३।४०% |
| तामाङ्ग | ६२५ | २२५ | २५१ | १५५ | १३५ | २१५ | २४० | ९० | ६७८ | २६१४ | ३।७०% |
| मगर | १४३ | ११७ | १८४ | १०२ | ३३ | ५५ | ६२ | १६३ | ३८३ | १२४२ | १।७६% |
| माझी | ३१३ | २४ | ९ | ४१ | ३ | ७ | ५ | ३७ | | ४३९ | ०।६२% |
| सन्थाल | | ३ | | २४ | | | | ३११ | १९९ | ५३७ | ०।७६% |
| दनुवार | २३१ | ११५ | | ८ | ८ | १९ | ४ | १५६ | | ५४१ | ०।७७% |
| गुरुङ्ग | | २३ | ३८ | ४ | ३४ | १ | ६ | १६ | १३५ | २५७ | ०।३६% |
| थारु | १८ | १२ | ७४ | १ | २१ | ५७ | १५ | १०३ | १३ | ३१४ | ०।४४% |
| हिन्दी | | | ३७ | १ | | ९ | २५५ | ३ | १२ | ३१७ | ०।४५% |
| राजवंशी | | १३ | ४६ | २७ | | ६ | ९० | २७ | २ | २११ | ०।३०% |
| मैथली | ५ | ३१ | ८८ | २१ | | ३४ | १७७ | ३९ | २ | ३९७ | ०।५६% |
| उर्दू | | १० | | | | | २८ | २ | | ४० | ०।०६% |
| राजस्थानी | | | ४ | | | १३ | | | | १७ | ०।०२% |
| कुमाल | १४ | ६ | ३५ | | | | २ | | | ५७ | ०।०८% |
| शेर्पा | ६ | ४ | १७ | | | ३ | | | | ३० | ०।०४% |
| बंगाली | | | १८ | ३ | | १३ | २० | ३ | | ५७ | ०।०८% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००।००% |

श्रोत: घरधुरी सर्वेक्षण २०७६




चित्र ४ मातृभाषाको आधारमा जनसंख्या विवरण

### ३.५ धर्म अनुसार जनसंख्या विवरण

संख्याको आधारमा हेर्दा यस नगरपालिकामा बसोवास गर्ने बहुसंख्यक मानिसहरु ५५९९६ (कूल जनसंख्याको ७९.३१%) हिन्दु धर्मावलम्विहरु रहेका छन् भने दोस्रो मुख्य धर्मको रुपमा वौद्ध धर्म रहेको छ जसमा ४५३८ जना (कूल जनसंख्याको ६.४३%) रहेका छन् । त्यसैगरी सर्वेक्षणमा प्राप्त तथ्यांकको आधारमा यस नगरपालिकामा शिख धर्म अवलम्वन गर्ने १ जना व्यक्ति (कूल जनसंख्याको ०.००१%) रहेको देखिन्छ जुन धर्मको आधारमा गरिएको वर्गिकरणमा सवै भन्दा न्यून जनसंख्याको हिस्सा पनि हो । धर्मका आधारमा यहाँको जनसंख्याको अवस्थालाई तलको तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ ।

तालिका १०: धर्म अनुसार जनसंख्या विवरण

| धर्म | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| हिन्दु | ८३१३ | ६८९२ | ५३४७ | ६७५३ | ४५६९ | ५०२० | ७६०१ | ७०८३ | ४४१८ | ५५९९६ | ७९।३१% |
| किराँत | ७६२ | ५६१ | ४७१ | ४४९ | ४२६ | २४३ | ६४७ | ८७९ | १३९१ | ५८२९ | ८।२६% |
| वौद्ध | ६७९ | ३०३ | २६५ | ३८९ | ४१६ | ४०२ | ५९३ | २२४ | १२६७ | ४५३८ | ६।४३% |
| प्रकृति | ३८९ | ११२४ | १५६ | ५ | ४ | ६ | १९ | १३४७ | १७७ | ३२२७ | ४।५७% |
| इसाई | १०३ | १२५ | ८७ | ७२ | ११३ | ३१ | ९२ | १०६ | ४५ | ७७४ | १।१०% |
| मुस्लिम | | १ | ९ | | २७ | १० | १६५ | १३ | २ | २२७ | ०।३२% |
| जैन | | ९ | | १ | | ३ | | | | १३ | ०।०२% |
| शिख | | १ | | | | | | | | १ | ०।००% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००।००% |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*




चित्र ५ धर्म अनुसार जनसंख्या विवरण

### ३.६ जातिगत आधारमा जनसंख्या विवरण

तलको तालिकामा प्रस्तुत गरिएअनुसार यस नगरपालिकामा ३९ भन्दा बढि प्रकारका जातजातिका मानिसहरु बसोवास गर्ने गरेका छन् । तथ्यांक अनुसार यहाँ बसोवास गर्ने मुख्य जातिमा क्षेत्री रहेको छ जसले कूल जनसंख्याको २८.३४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने क्षेत्री पश्चात् अरु प्रमुख जातिहरुमा ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई लगायतका रहेका छन् । सर्वेक्षण अनुसार सवै भन्दा कम सर्वरीया जातिका व्यक्ति यस क्षेत्रमा बसोबास गरीरहेको देखिन्छ । तलको तालिकामा यस सम्बन्धी विवरणलाई विस्तृत रुपमा देखाईएको छ ।

तालिका ११: जातिगत आधारमा जनसंख्या विवरण

| | वडा | | | | | | | | | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जात जाति | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| क्षेत्री | २२१३ | ३१६२ | २१३६ | ३१६८ | ११७९ | १३३२ | ३१४८ | २२८० | १३८८ | २०००६ | २८।३४% |
| ब्राम्हण | ७०० | ६१६ | १११३ | १०५० | १४९१ | १४४६ | २०७५ | १९५५ | ९६३ | ११४०९ | १६।१६% |
| लिम्बु | ११६६ | ५५३ | ५५६ | ४४५ | ४८७ | १६९ | ५४२ | ८३५ | १३३८ | ६०९१ | ८।६३% |
| नेवार | १३४७ | ६६८ | २३६ | ३८६ | ४२२ | ५३५ | ५८६ | ४३६ | ८६२ | ५४७८ | ७।७६% |
| धिमाल | ५३४ | १५८५ | ५०८ | ३४० | ९८ | ३१८ | १९८ | १५१२ | २४१ | ५३३४ | ७।५५% |
| राई | ६५७ | ७१० | २७३ | ४१६ | ४४१ | ४१७ | ५२४ | ३३२ | ३१४ | ४०८४ | ५।७८% |
| तामाङ्ग | ८४१ | ३०८ | २५५ | ३९४ | ४३८ | ३५५ | ४८४ | ११९ | ८०९ | ४००३ | ५।६७% |
| कामी | ६१४ | ३४१ | ३१५ | ६५२ | ३२० | ३२१ | २५३ | ३२३ | ११८ | ३२५७ | ४।६१% |
| दमाई | ४२३ | ३६२ | १६१ | १२६ | १८४ | २८५ | २४० | २०६ | २३८ | २२२५ | ३।१५% |
| मगर | ३२० | १५८ | १९८ | २३३ | १३७ | १३८ | ११९ | २३४ | ३९८ | १९३५ | २।७४% |
| माझी | ७२५ | ५८ | ३३ | १३७ | १०१ | २२ | ५६ | ७१ | | १२०३ | १।७०% |

| जात जाति | वडा १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | वडागत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दनुवार | ५८३ | १६६ | | ८ | ८ | २६ | ९ | १६३ | ७ | ९७० | १।३७% |
| सन्यासी र दशनामी | | ८ | ६५ | ८ | | ४ | २७ | ६ | ८१ | १९९ | ०।२८% |
| सन्थाल र सतार | | ६ | | ५८ | | ३ | १८ | ४९१ | २२९ | ८०५ | १।१४% |
| थारु | ३० | १२ | ७० | १ | ८४ | ५७ | ४६ | ३९१ | ३४ | ७२५ | १।०३% |
| गुरुङ्ग | | ६२ | ४२ | ४ | ९१ | ५४ | १०५ | ६० | १७८ | ५९६ | ०।८४% |
| घर्ति र भुजेल | ५१ | ८७ | ४६ | ५ | १८ | ५८ | ३९ | ८० | ६२ | ४४६ | ०।६३% |
| कठबनिया | | | २३ | | | १२ | | ३ | | ३८ | ०।०५% |
| राजवंशी | १ | १८ | ४७ | ७१ | | १२ | १५५ | ३६ | | ३४० | ०।४८% |
| मरवाडी | | ५ | | | | ३० | ४१ | १ | | ७७ | ०।११% |
| झागड | | | ५ | ८६ | | | | | | ९१ | ०।१३% |
| मुस्लिम | | | १३ | १ | | ८ | २३२ | | | २५४ | ०।३६% |
| सुन्दास | | ४ | ३ | | | | | | | ७ | ०।०१% |
| यादव | | १५ | २७ | | १४ | २६ | ६१ | | ५ | १४८ | ०।२१% |
| बङ्गाली | | | १८ | १ | | ११ | १७ | | | ४७ | ०।०७% |
| ठाकुर | | ३४ | १५ | ४ | | ८ | ४६ | ४४ | | १५१ | ०।२१% |
| कुमाल | १४ | १३ | ३६ | | | | | ४ | | ६७ | ०।०९% |
| सुनवार | १२ | ९ | २२ | ९ | | ४ | २ | | ४ | ६२ | ०।०९% |
| मुसहर | ५ | १२ | | | | ४ | १ | | ५ | २७ | ०।०४% |
| सार्की | ३ | ३६ | ४५ | ५८ | ३१ | २४ | ४१ | ४३ | २ | २८३ | ०।४०% |
| दर्नाल | | | ६ | ३ | ६ | | १ | ३ | ८ | २७ | ०।०४% |
| सर्वरीया | | | | | | | १ | | | १ | ०।००% |
| तराई ब्राम्ह्ण झा, मिश्र | | | ६ | | | | ६ | | | १२ | ०।०२% |
| खवास | | | २७ | १ | | १० | | | | ३८ | ०।०५% |
| शेर्पा | ६ | ६ | १७ | | | ३ | | | | ३२ | ०।०५% |
| ठकुरी | | | ७ | | | | १ | २ | | १० | ०।०१% |
| सरदार | | | १ | | | | ५ | | | ६ | ०।०१% |
| गुप्ता | | | ७ | | | १७ | ३१ | १४ | ७ | ७६ | ०।११% |
| मुखिया | | ४ | | | | १ | २७ | | | ३२ | ०।०५% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००।००% |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*




चित्र ६ जातिगत आधारमा जनसंख्या विवरण

## ३.७ घरमुलीको विवरण

उर्लाबारी नगरपालिकामा अवस्थित **१३७६१** घरधुरीमा घरमूलीहरुको विषयमा सर्वेक्षण गर्दा नेपालको अन्य गाँउपालिका तथा नगरपालिकाहरुमा जस्तै यहाँ पनि घरको निर्णयकर्ता/घर मूलिको रुपमा पूरुषको बाहुल्यता रहेको पाईयो । तथ्यांक अनुसार यहाँको कूल घरधुरीको ८०.५५ प्रतिशत घरहरुमा पुरुषले घरमूलीको रुपमा भूमिका निर्वाह गरीरहेको पाईयो भने १९.४४ प्रतिशत महिला घरमूली रहेको र बाँकी एउटा घर (कूल घरधुरीको ०.००७ प्रतिशत)मा तेस्रो लिंगी घरमूलिरहेको देखिन्छ । तलको तालिका तथा चित्रमा यस सम्बन्धी विवरणलाई विस्तृत रुपमा देखाईएको छ ।

तालिका १२ः घरमुलीको विवरण

| वडा | पूरष | महिला | तेस्रो लिङ्ग | वडागत जम्मा |
|---|---|---|---|---|
| १ | १५९२ | २६४ | | १८५६ |
| २ | १५६८ | ३८१ | | १९४९ |
| ३ | ९५० | १८८ | | ११३८ |
| ४ | १४८२ | ३८६ | | १८६८ |
| ५ | ९१७ | १५८ | | १०७५ |
| ६ | ८२१ | २४५ | | १०६६ |
| ७ | १३१० | ४२५ | | १७३५ |
| ८ | १५२० | २८० | | १८०० |
| ९ | ९२५ | ३४८ | १ | १२७४ |
| जम्मा | ११०८५ | २६७५ | १ | १३७६१ |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*




चित्र ७ घरमुलीको विवरण

### ३.८ पेशाको आधारमा जनसंख्या विवरण

पेशाको आधारमा यहाँको मानिसहरुको संलग्नता विषयमा सर्वेक्षण गर्दा यस नगरपालिकाको कूल जनसंख्याको २४.८३ प्रतिशत हिस्सा १६ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाहरु रहेका छन् जुन वर्गलाई आर्थिक रुपमा सकृय जनसंख्याको रुपमा लिन सकिँदैन । बालवालिकाको हिस्सा बाहेक बाँकी मानिसहरलाई बितेको बाह्र महिना यता कुन पेशामा संलग्न हुनु हुन्छ भन्ने प्रश्नमा सवै भन्दा धैरै १९.४३ प्रतिशत जनसंख्याले आफू घर–धन्दामै सिमित रहेको जानकारी गराएका छन् भने त्यस पछाडीको ठूलो हिस्सा १३.१ प्रतिशत मानिसहरुले कृषि पेशामा आफ्नो संलग्नता रहेको कुरा बताएका छन् । यस्तै ८.२४ प्रतिशत मानिसहरु बैदेशिक रोजगारीमा गएको देखिन्छ भने पाँचौ ठूलो हिस्सा ७.५५ प्रतिशत जनसंख्या अध्ययन गरीरहेका विद्यार्थीहरु रहेको देखिन्छ । तलको तालिकामा बिभिन्न पेशामा संलग्न भएको जनसंख्यालाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका १३: पेशाका आधारमा जनसंख्या विवरण

| बितेको १२ महिनामा गरेको काम | वडा | | | | | | | | | वडा गत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कृषि तथा खेती | १८०७ | १४०६ | १२६ | ८४ | ३८८ | ५३० | ३०० | २०१२ | २६२५ | ९२७८ | १३।१४% |
| नोकरी | १६६ | २४२ | १८७ | ३६७ | १५९ | २२५ | ३२८ | २३३ | १०६ | २०१३ | २।८५% |
| ज्यालादारी | ६८० | ३७२ | १८९ | ३०६ | ३२९ | ३७७ | ३१४ | २६८ | ७० | २९०५ | ४।११% |
| दक्ष रोजगारी | ९५ | ११४ | २६ | १४ | ६० | ७० | २२९ | ७० | ३७ | ७१५ | १।०१% |
| वैदेशिक रोजगारी | ९११ | ९४५ | ५७० | ३०३ | ४४५ | ४९६ | ६५० | ८६२ | ६३८ | ५८२० | ८।२४% |
| व्यापार, व्यवसाय | १६१ | २८९ | ३४५ | १५८ | ३५६ | ४२३ | ६७९ | २२१ | १०६ | २७३८ | ३।८८% |
| विस्तारित आर्थिक काम, उद्योग | १ | ३ | २ | ३ | | ३ | १० | ७ | १ | ३० | ०।०४% |
| बेरोजगार | १६४ | १५६ | ३६५ | २०१ | २२० | ८८ | २८१ | ५५६ | ७०६ | २७३७ | ३।८८% |
| घरधन्दा | २२२० | ११८९ | १७५५ | २२८८ | ११५० | ९०७ | १६२८ | १९२२ | ६६३ | १३७२२ | १९।४३% |

| बितेको १२ महिनामा गरेको काम | वडा | | | | | | | | | वडा गत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| अध्ययन | ५३७ | ५४२ | ६७६ | ५२४ | ६२३ | ५११ | ९४४ | ६१० | ३६३ | ५३३० | ७।५५% |
| अन्य | १३० | ६९ | २५१ | ८ | ५ | २० | ५१ | ५४ | १४ | ६०२ | ०।८५% |
| कुनै काम नगरेको | ८०० | १४१९ | ३९२ | ११०१ | ३६० | ७०९ | १४९४ | ५४८ | ३६१ | ७१८४ | १०।१७% |
| १६ वर्ष भन्दा मुनिका काम गर्न नसक्ने बालबालिका | २५७४ | २२७० | १४५१ | २३१२ | १४६० | १३५६ | २२०९ | २२८९ | १६१० | १७५३१ | २४।८३% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००।००% |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*

### ३.९ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

आर्थिक रुपले सक्रिय जनसंख्या भन्नाले १५ देखि ५९ बर्षसम्मको जनसंख्या जो आर्थिक आय आर्जन गर्ने काममा सक्रिय छ । यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या ५९ प्रतिशत रहेको देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्या पुरुषको संख्या बढि देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्याको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४: आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

| वडा | १५-२४ | | २५-३९ | | | ४०-५९ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | तेस्रो लिङ्ग | पुरुष | महिला | तेस्रो लिङ्ग | |
| १ | १०३५ | १०२० | १२९० | १४७२ | | ९१४ | ११४९ | | ६८८० |
| २ | ८२९ | ८४२ | १२०५ | ११७४ | | १०२१ | ८८५ | | ५९५६ |
| ३ | ५८७ | ५६९ | ८४० | ९३२ | | ७५१ | ६९३ | | ४३७२ |
| ४ | ८३७ | ९३५ | ७६४ | १२६६ | | ४७३ | ८०७ | | ५०८२ |
| ५ | ५११ | ५१३ | ७१७ | ८२९ | | ६६७ | ५३८ | | ३७७५ |
| ६ | ४६९ | ५३१ | ८०४ | ८९३ | | ६४६ | ५८२ | | ३९२५ |
| ७ | ७८९ | ९२२ | १०८६ | १३२९ | | ११२३ | ९२६ | | ६१७५ |
| ८ | ७९० | ८२४ | १३४४ | १४०२ | | १०८१ | ९६३ | | ६४०४ |
| ९ | ६१९ | ६७२ | १०४७ | ९६९ | ३ | ७९६ | ७८५ | १ | ४८९२ |
| जम्मा | ६४६६ | ६८२८ | ९०९७ | १०२६६ | ३ | ७४७२ | ७३२८ | १ | ४७४६१ |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*

### ३.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण

घरधुरी सर्वेक्षणमा विभिन्न शारीरिक तथा मानसिक अपाङ्गता हेर्दा उर्लाबारी नगरपालिकामा कूल ६८५ जना विभिन्न किसिमका शारीरिक क्षमता भएका व्यक्तिहरु रहेको देखिन्छ । तथ्यांकलाई हेर्दा कूल ६८५ जना मध्ये २४९ जना शारीरिक रुपमा अपाङ्ग देखिन्छन् भने १८५ जना दिर्घ रोगी, ११७ जना सुस्त मनस्थिति भएका, ५६ जना बहुअपाङ्गता भएका र अरु बाँकी अन्य विविध शारीरिक क्षमता सहितका व्यक्तिहरु रहेको देखिन्छ जसको विषयमा विस्तृत जानकारी तल तालिका देखाईएको छ ।

तालिका १५: अपाङ्गताको आधारमा जनसंख्या विवरण

| अपांगता | वडा | | | | | | | | | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| शारीरिक अपांगता | २९ | ५७ | १४ | २४ | १३ | १६ | ४८ | ३१ | १७ | २४९ |
| दृष्टिविहिन | ११ | ३ | ३ | | ४ | १ | ९ | ५ | १ | ३७ |
| बहिरा | ८ | ६ | ७ | | ४ | १ | १ | ७ | ७ | ४१ |
| सुस्त मनस्थिति | १६ | १५ | १५ | ८ | ५ | १६ | १८ | १४ | १० | ११७ |
| बहु अपांगता | २५ | ११ | ५ | २ | | १ | ५ | ७ | | ५६ |
| दीर्घ रोगी | ३६ | ६ | ३० | २ | | ८ | ६७ | २१ | १५ | १८५ |
| अपांगता | १२६ | १०० | ७७ | ४० | ३१ | ४९ | १५५ | ९३ | ५९ | ६८५ |
| केही छैन | १०१२१ | ८९१८ | ६२६१ | ७६३३ | ५५२९ | ५६७२ | ८९६९ | ९५६७ | ७२५० | ६९९२० |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ |

*श्रोत: घरधुरी सर्वेक्षण २०७६*

### ३.११ बसाइँ सराइ सम्बन्धी विवरण

सरल र शुलभ जिवन प्राप्तिको खोजिमा एक ठाँउबाट अर्को ठाँउमा जाने भौगोलिक गतिशिलतालाई बसाइँ सराइ भनिन्छ। यस प्रक्रियाले सामाजिक व्यवहार, सम्बन्ध तथा बिचारहरुमा समेत थुप्रै परिवर्तन ल्याँउदछ। बसाइँ सराइले सामाजिक तथा साँस्कृतिक परिवर्तनमा थप उर्जा प्रदान गर्दछ। सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक आदि थुप्रै कारणहरुले गर्दा मानिस आफु बसिरहेको स्थान छाडेर अन्य गन्तव्य स्थानमा जान्छ। २०२२ सालबाट मलेरिया उन्मुलनको व्यापक अभियान थालिएपछि र नेपालीहरुलाई सरकारले तराईमा खेतिपातिका लागि नि:शुल्क जग्गा वितरण गर्न थालेपछि नै यस क्षेत्रमा बसाइँ सराइ हुन थालेको देखिन्छ। यहाँ मलिलो माटो र सुगम क्षेत्र भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरु पहाडको तुलनामा सहज र सरल हुने देखेर पनि यस क्षेत्रमा छिमेकी पहाडी जिल्ला र अन्य जिल्लाहरुबाट बसाइँ सराइ तिब्र भएको पाइन्छ।

यस नगरपालिकामा १२९७ घरपरिवार बसाइ सरि आएको देखिन्छ। तल तालिकामा वडागत बसाइँ सराइ गरी आउने र बसाइँ सराइ गर्नुको कारणहरुको विवरण देखाईएको छ।

तालिका १६: बसाइँ सराइ गरी आउने घरपरिवारको विवरण

| वडा | हो | होइन | वडागत जम्मा |
|---|---|---|---|
| १ | २०० | १६५६ | १८५६ |
| २ | १९१ | १७५८ | १९४९ |
| ३ | १५५ | ९८३ | ११३८ |
| ४ | १२४ | १७४४ | १८६८ |
| ५ | ६६ | १००९ | १०७५ |
| ६ | १७१ | ८९५ | १०६६ |
| ७ | २४५ | १४९० | १७३५ |

| वडा | हो | होइन | वडागत जम्मा |
|---|---|---|---|
| ८ | ९० | १७१० | १८०० |
| ९ | ५५ | १२१९ | १२७४ |
| जम्मा | १२९७ | १२४६४ | १३७६१ |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*

तालिका १७: बसाइँ सराइ गर्नुको कारण

| वडा | रोजगारी | शिक्षा | आर्थिक अवसर | सुरक्षा | नोकरी, पेशा र व्यवसाय | विवाह | अन्य पारिवारिक कारण | सुविधाको लागि | अन्य | वडागत जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | १ | | १ | २ | १ | ६ | ५८ | १२१ | २०० |
| २ | २ | १ | १ | | २ | | १० | १०६ | ६९ | १९१ |
| ३ | ५ | १ | ३ | १ | २ | १ | ३ | ७२ | ६६ | १५४ |
| ४ | १ | ३ | | | २ | | ९ | १७ | ९२ | १२४ |
| ५ | १ | | | | | | | १६ | ४९ | ६६ |
| ६ | ५ | १ | १ | | १ | १ | १ | ९५ | ६६ | १७१ |
| ७ | ११ | ८ | १ | २ | ९ | | १७ | १३९ | ५७ | २४४ |
| ८ | ३ | ६ | ३ | १ | १ | | ५ | ६३ | ८ | ९० |
| ९ | १ | | ११ | | १ | | ३ | २२ | १६ | ५४ |
| जम्मा | ३९ | २१ | २० | ५ | २० | ३ | ५४ | ५८८ | ५४४ | १२९४ |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*

### ३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

तालिका १८: व्यक्तिगत घटना दर्ता सम्बन्धि विवरण आ.व. २०७४/७५

| वडा नं. | जन्म | मृत्य | विवाह | सम्बन्ध विच्छेद (जोडी) |
|---|---|---|---|---|
| १ | १५१ | २६ | ६८ | ४ |
| २ | ९२ | १६ | २४ | ० |
| ३ | ११६ | २६ | ४३ | १ |
| ४ | १८९ | ३४ | ७६ | २ |
| ५ | ८२ | १४ | ३१ | ० |
| ६ | १४३ | २७ | ६१ | २ |
| ७ | ११३ | १६ | ३८ | २ |
| ८ | ४८ | १२ | २५ | ० |
| ९ | ५८ | २२ | ३७ | १ |
| जम्मा | ९९२ | १९३ | ४०३ | १२ |

*श्रोतः वडा कार्यालयहरु, उर्लाबारी नगरपालिका २०७५*

# परिच्छेद ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक विकास तथा सशक्तिकरण केन्द्रिय सरकार देखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, प्राविधिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, व्यावसायिक खेती प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदिबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । रोजगारीले मानिसहरुलाई सवल र सक्षम पनि बनाउने गर्दछ । यस्तो रोजगारी स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ । यिनीहरु मध्ये विदेशमा गरिने नोकरीबाट वैदेशिक मुद्रा आर्जनमा सहयोग पुग्ने गर्दछ भने आन्तरिक रोजगारीले मानिसलाई सक्षम बनाउन मदत्त गर्दछ । वर्तमानमा उर्लाबारी नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तिकरणका लागि गरिएका मुख्य कार्यहरुमा, उर्लाबारी नगरपालिका घोषणा भए पश्चात् कार्यालय स्थापना गरी कार्य सञ्चालन, विकास निर्माण तर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, निर्माण तथा मर्मत सुधार, लक्षित वर्ग तर्फ विभिन्न सिपमूलक, आय–आर्जन, क्षमता अभिबृद्धि तालिमहरु, चेतनामुलक कार्यक्रमहरु सञ्चालन भएका छन् । उर्लाबारी नगरपालिकाको भौगोलिक अवस्था अनुसार बढि मात्रामा कृषियोग्य जमिन रहेको तथ्यांकले देखाएको र कृषि उत्पादनको लागि उर्वर माटो तथा हावापानी भएको हुँदाहुदै पनि जनसंख्याको चापले गर्दा खेतियोग्य जमिन मासिँदै गएको अवस्था रहेको छ । यहाँ भएको कृषियोग्य भूमिलाई व्यावसायिक रुपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नती छिट्टै हुने देखिन्छ ।

### ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

यस नगरपालिकामा बसोबास गर्ने प्रायः मानिसहरुले विशेष सीप तथा तालिमहरु लिएको देखिन्छ । यहाँको युवा जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि विभिन्न क्षेत्रबाट विविध तालिमहरु प्रदान भएको पाईन्छ । यसरी तालिम प्राप्त गर्नेहरुमा विशेष गरी कृषि सम्बन्धी सिप तथा दक्षता हाँसिल हुने विभिन्न तालिमहरु लिएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा ३०६२ जनाले कृषिको तालिम लिएको पाइयो । यसै गरी सूचना तथा प्रविधि क्षेत्रमा ६५५, सिलाई बुनाईमा ५६९, सवारी चालक ८८५, होटल सम्बन्धी २८०, ब्यूटी पार्लर सम्बन्धी १११ जना र क्रमश : बुटिक, गाईड ट्राभल, फोटो ग्राफी र हस्तकला गरी क्रमशः ४४ जना, १२ जना, ८ जना, १० जना देखिन्छ भने कुनै पनि सीप तालिम नलिएको मानिसहरुको संख्या ४६४२२ रहेको छ । तलको तालिकामा बिभिन्न प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका १९: प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

| विशेष सिप तथा तालिम | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| सूचना तथा प्रविधि | ४४ | ८३ | ७८ | ५६ | ७ | ९६ | २१० | ३५ | ४६ | ६५५ |
| सिलाई बुनाई | ३७ | १२२ | ३९ | ३९ | ९ | ९१ | १५४ | ५४ | २४ | ५६९ |
| बुटिक | २ | १ | ४ | १३ | २ | ४ | ७ | ६ | ५ | ४४ |

| विशेष सिप तथा तालिम | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| श्रृंगार सम्बन्धि तथा ब्यूटी पार्लर | ७ | ९ | ९ | २२ | ४ | १२ | २७ | ८ | १३ | १११ |
| निर्माण सम्बन्धि (म्यासन, कार्पेन्ट्री, प्लम्बिङ्ग आदि) | ६५ | ८४ | ६ | १८७ | २ | ५६ | ६० | ४९ | १६ | ५२५ |
| इञ्जिनियरिङ्ग, अटोमोवाईल मेकानिक्स | ५ | २० | ८ | ३५ | ३ | ६ | ११ | १६ | ३ | १०७ |
| कृषि सम्बन्धि (जे.टि.ए.र खाद्य प्रशोधन आदि) | ६५ | २७३ | ४ | २२ | १ | | १६ | ६९३ | १९८८ | ३०६२ |
| जन स्वास्थ्य सम्बन्धि | ६ | ११ | १२ | १८ | २८ | २४ | ११ | १५ | १६ | १४१ |
| पशु स्वास्थ्य सम्बन्धि | ८ | ६ | | ६ | २ | ३ | ७ | | ७ | ३९ |
| वन सम्बन्धि | ३ | ४ | २ | | | | ३ | | ३ | १५ |
| पर्यटन टुर गाईड, ट्राभल र सत्कार | | २ | ४ | २ | | | ४ | | | १२ |
| होटल सम्बन्धि | ३२ | २२ | ९ | २२ | | ५५ | १०५ | १६ | १९ | २८० |
| सवारी चालक | १६३ | ११२ | ९३ | ८८ | ५२ | ६१ | १५७ | ५७ | ७२ | ८५५ |
| कला सम्बन्धि (हस्तकला, चित्र कला) | | १ | | | | ४ | ४ | | १ | १० |
| फोटोग्राफी | १ | | ५ | १ | | | १ | | | ८ |
| अन्य (खुलाउने) | ३२ | ७५ | १० | ४९ | | १२ | २४ | २९ | ३८ | २६९ |
| कुनै सिप र तालिम नभएको | ७२०२ | ५९२१ | ४६०१ | ४७९७ | ३९८५ | ३९३५ | ६२११ | ६३३१ | ३४३९ | ४६४२२ |

*श्रोतः घरधुरी सर्वेक्षण २०७६*

### ४.१.२ मुख्य पेशा सम्बन्धी विवरण

यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुले अपनाएको मुख्य पेशाको रुपमा कृषि, व्यापार र नोकरीलाई लिन सकिन्छ । नगरपालिकाको वडा अनुसार विभिन्न पेशामा संलग्न मानिसहरुको विवरणलाई हेर्दा यहाँका मानिसहरु जीविकोपार्जनको लागि मुख्य रुपमा कृषिमा तथा नोकरीमा आश्रित तथा संलग्न भएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस नगरपालिकामा ९२७८ (कूल जनसंख्याको १३.१ प्रतिशत) मानिसहरु कृषि पेशामा संलग्न रहेका

छन् । यस्तै व्यापार, जागिर, ज्यालामजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको संख्या २७३८ (३.९ प्रतिशत) छ भने जागिर गर्नेको संख्या २०१३ (कूल जनसंख्याको २.९ प्रतिशत) जना रहेका छन् । यसैगरी ज्यालादारी मजदुरीबाट २९०५ (कूल जनसंख्याको ४.१ प्रतिशत) जनाले आफ्ना घर व्यवहार चलाएको देखिन्छ भने वैदेशिक रोजगारीमा संलग्नको संख्या ५८२० जना रहेका छन् । त्यस्तै गरि घरधन्दा गर्ने, कुनै पनि कामनगर्ने र १६ वर्ष भन्दा कम उमेर समूहका काम गर्न नसक्नेहरु क्रमश : १३७२२ जना, ७१८४ र १७५३१ जना रहेको देखिन्छ । तलको तालिक र डायग्राममा बिभिन्न पेशामा संलग्न भएको जनसंख्या विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका २०: विभिन्न पेशामा सम्बन्धी विवरण

| मुख्या पेशा | वडा | | | | | | | | | वडा गत जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| कृषि तथा खेती | १८०७ | १४०६ | १२६ | ८४ | ३८८ | ५३० | ३०० | २०१२ | २६२५ | ९२७८ | १३।१% |
| नोकरी | १६६ | २४२ | १८७ | ३६७ | १५९ | २२५ | ३२८ | २३३ | १०६ | २०१३ | २।९% |
| ज्यालादारी | ६८० | ३७२ | १८९ | ३०६ | ३२९ | ३७७ | ३१४ | २६८ | ७० | २९०५ | ४।१% |
| दक्ष रोजगारी | ९५ | ११४ | २६ | १४ | ६० | ७० | २२९ | ७० | ३७ | ७१५ | १।०% |
| वैदेशिक रोजगारी | ९११ | ९४५ | ५७० | ३०३ | ४४५ | ४९६ | ६५० | ८६२ | ६३८ | ५८२० | ८।२% |
| ब्यापार, व्यवसाय | १६१ | २८९ | ३४५ | १५८ | ३५६ | ४२३ | ६७९ | २२१ | १०६ | २७३८ | ३।९% |
| विस्तारित आर्थिक काम, उघोग | १ | ३ | २ | ३ | | ३ | १० | ७ | १ | ३० | ०।०% |
| बेरोजगार | १६४ | १५६ | ३६५ | २०१ | २२० | ८८ | २८१ | ५५६ | ७०६ | २७३७ | ३।९% |
| घरधन्दा | २२२० | ११८९ | १७५५ | २२८८ | ११५० | ९०७ | १६२८ | १९२२ | ६६३ | १३७२२ | १९।४% |
| अध्ययन | ५३७ | ५४२ | ६७६ | ५२४ | ६२३ | ५११ | ९४४ | ६१० | ३६३ | ५३३० | ७।५% |
| अन्य | १३० | ६९ | २५१ | ८ | ५ | २० | ५१ | ५४ | १४ | ६०२ | ०।९% |
| कुनै काम नगरेको | ८०० | १४१९ | ३९२ | ११०१ | ३६० | ७०९ | १४९४ | ५४८ | ३६१ | ७१८४ | १०।२% |
| १६ वर्ष भन्दा मुनिका काम गर्न नसक्ने बालबालिका | २५७४ | २२७० | १४५१ | २३१२ | १४६० | १३५६ | २२०९ | २२८९ | १६१० | १७५३१ | २४।८% |
| जम्मा | १०२४६ | ९०१६ | ६३३५ | ७६६९ | ५५५५ | ५७१५ | ९११७ | ९६५२ | ७३०० | ७०६०५ | १००।०% |

श्रोत: घरधुरी सर्वेक्षण २०७६




चित्र ८ पेशामा सम्बन्धी विवरण

### ४.१.३ औषत मासिक पारिवारिक आम्दानी विवरण

